# नेपाल राजपत्र

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, असार २२ गते २०३२ साल

श्री ५ को सरकार
अर्थ मन्त्रालयको

### सूचना

माननीय अर्थ राज्यमन्त्री श्री भेषबहादुर थापाले २०३२ साल आषाढ २२ गते रोज १ का दिन दिनुभएको आर्थिक वर्ष ०३२।३३ को बजेट वक्तव्य सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ।

अध्यक्ष महोदय,

पाँचौं पञ्च वर्षिय योजनाको कार्यान्वयन मैले आज पेश गर्न लागेको बजेटबाट प्रादुर्भाव हुन्छ। विकासको एक चरणबाट अर्को चरणमा प्रवेश गर्दा आज हामी नयाँ उत्साह र दृढताको आवश्यकता महशूस गर्दछौं। जुनसुकै बजेटको पनि पछाडि इतिहास हुन्छ भने यसको अगाडि हाम्रो नयाँ आवश्यकता र बदलिंदो परिस्थितिले ल्याएको चुनौति रहन्छ। विगत वर्षहरूका अनुभव र आज हाम्रो देशमा विद्यमान राजनैतिक,सामाजिक र आर्थिक स्थितिको सन्दर्भमा प्रस्तुत बजेटले एका-तर्फ वास्तविकतालाई अंगाल्ने लक्ष्य राखेको छ भने अर्कोतर्फ हाम्रो अगाडिको चुनौतिको हाँकलाई पनि सकारेको छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गत वर्ष आयव्यय विवरण पेश गर्दा हाम्रो देश आर्थिक दृष्टिकोणले एउटा अप्ठ्यारो स्थितिबाट गुज्रिरहेको कुरा उल्लेख गरेको थिएँ। वर्तमान आर्थिक अवस्थालाई पनि सन्तोषप्रद छ भन्न सकिन्न। छोटकरीमा भन्ने हो भने आज देशको आर्थिक अवस्था चुनौतिपूर्ण छ। हाम्रा आकाँक्षाहरू स्वभावतः बढ्दै छन्। तर तिनको अनुपातमा साधन परिचालन गर्ने र साधनको प्रभावकारी ढङ्गबाट उपयोग गर्ने समस्याहरू भने क्रमशः जटिल हुँदै गएका छन्। हुनत चालू आर्थिक वर्षमा आर्थिक संकट विश्वव्यापी रूपमानै देखा परे तापनि विकासोन्मुख मुलुकहरूले यसको भार बढ्ता वहन गर्नु परेको छ। आफ्नै समस्याहरूले ग्रस्त भएर बसेका विकासोन्मुख मुलुकहरूलाई बाह्य जगतको प्रवाह र प्रभावले प्रायः असहाय अवस्थामा पुऱ्याएको छ। यस पृष्ठभूमिमा आज यो बजेट तर्जुमा भएको छ।

बजेट वार्षिक आयव्ययको विवरण भएकोले यसलाई त्यस सीमित अवधिको दृष्टिकोणले अवलोकन गर्ने स्वाभाविक प्रवृत्ति हुन्छ। तर बजेट एक यस्तो माध्यम हो जसद्वारा हामीले चाहेको आर्थिक, सामाजिक र राजनैतिक लक्ष्यतिर अर्थ व्यवस्थालाई लग्दछौं र यो एक अटूट चलिरहने प्रकृया हो। यसकारण यसलाई बितेको र आगामी समयको पृष्ठभूमिमा हेरिनु पर्दछ। तसर्थ आगामी वर्षको आयव्यय विवरण प्रस्तुत गर्नु अगाडि चालू वर्षमा अपनाइएको नीतिहरू तथा मुख्य मुख्य कार्यकलापहरूको संक्षेपमा सिंहावलोकन गर्न चाहन्छु।

चालू वर्षको बजेट प्रस्तुत गर्दा देशको आन्तरिक साधनको बढी परिचालन गरी संतुलित बजेट व्यवस्था गर्ने नीति अपनाएको माननीय सदस्यहरूमा विदितै छ। तदनुसार यस नीतिको कार्यान्वयन सन्तोषजनक भएको छ। न्यून पूर्ति गर्न २० करोड आन्तरिक ऋण उठाउने प्रस्ताव गरेकोमा रू. १० करोड मात्र उठाई केही रकम नगद मौजदातबाट व्यहोरिएको छ।

विगत वर्ष मुद्रा प्रदायमा अत्यधिक वृद्धि भै मुद्रा स्फिति एक चिन्ताजनक विषय भएकोले मुद्रा प्रदाय वृद्धिलाई नियन्त्रण गर्ने नीति अपनाएको थिएँ। यसको लागि एकातिर मुद्दति र बचत निक्षेपलाई बढी आकर्षण गरी वृद्धि गर्ने र अर्कोतिर विदेशी मुद्राको आयभन्दा बढी खर्च गरी मुद्रा प्रदायलाई नियन्त्रण गर्ने व्यवस्था गर्न लागेको कुरा यस सदनलाई जानकारी दिएको थिएँ। अतः यस नीति अनुसार मुद्दति तथा बचत निक्षेपलाई आकर्षण गर्न ब्याज दरमा उल्लेखनीय वृद्धि गरिएको छ र विदेशी मुद्राको पनि निक्कै उपयोग भएको छ। यस प्रकार गत वर्षको चैत्र महीनासम्म ३० प्रतिशतले मुद्रा प्रदायमा वृद्धि भएकोमा चालू वर्ष त्यही अवधिमा १० प्रतिशतभन्दा कम मात्र वृद्धि भएको छ।

मूल्य वृद्धि हुनुको एक प्रमुख कारण आवश्यक वस्तुहरूको आपूर्ति नियमित नहुनु र बराबर अभाव हुनु हो। यस किसिमको स्थिति हुन नदिन मुख्य मुख्य अत्यावश्यक विकास तथा उपभोगका वस्तुहरू समुद्रपारबाट पनि पैठारी गरेर आपूर्तिलाई नियमित गर्न सकिएको छ। साथै देशभित्रै कतिपय वस्तुहरूको सञ्चय भएर पनि बिक्री वितरणको व्यवस्थामा कमजोरी भई ठाउँ ठाउँमा मूल्य वृद्धि हुने भइरहेकोमा यसमा पनि सुधार गरी बिक्री वितरणको व्यवस्था केही विस्तार गरिएको छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

यी सब उपायहरूबाट मूल्य वृद्धि रोक्न केही सहायक हुन गए तापनि विभिन्न कारणहरूले गर्दा हामीले आशा गरेबमोजिम मूल्य वृद्धि नियन्त्रण गर्न अझै सकेका छैनौं। यसो हुनुमा हाम्रो जस्तो आयातमा ज्यादै निर्भर देशलाई प्रतिकूल असर पर्ने गरी गत वर्ष र यस वर्षको शुरूसम्म चर्को रूपले बढेको अन्तरराष्ट्रिय मूल्य स्थिति हो। यस बाहेक सिमेन्ट, फलाम, इन्धन र मलखाद जस्ता वस्तुहरू समुद्रपारबाट मगाउन पर्दा ढुवानी खर्च बढी पर्न गई लागतमा अझ वृद्धि हुन जानु हो। तर हाल वस्तुहरूको अन्तरराष्ट्रिय मूल्य केही घट्न थालेको छ। त्यसको असर हाम्रो मूल्य स्थितिमा पर्न भने केही समय लाग्नेछ।

यस सन्दर्भमा मूल्य वृद्धि नियन्त्रण गर्न देशको उत्पादनमा वृद्धि गर्नु नै सर्वोपरी उपाय हो भनी उल्लेख गरेको थिएँ। यस सिलसिलामा काठमाडौं उपत्यकामा सरकारी क्षेत्रबाट विक्री वितरण भैरहेको चामल लेभी मूल्यमा खरीद गरी ल्याई विक्री वितरण गर्दा नै सहुलियत दर थियो। त्यसमापनि अझ मूल्य घटाई विक्री गर्दा एकातिर सरकारको सीमित साधनले भ्याउन गाह्रारो प[र्न] गएको थियो भने अर्कोतिर मूल्य ज्यादै घट्दा यसको असर खुला व्यापारमा पनि पर्न गई यसबाट खाद्यान्न उत्पादन गर्ने कृषकहरूले उचित मूल्य नपाई निरुत्साह हुने स्थिति भयो। साथै यसरी देशको कुनै एक क्षेत्रमा मात्र यस किसिमको बढी सुविधा दिइनु हुन्न भन्ने सही भावना यस सदनमा पनि व्यक्त भएको थियो। यिनै तथ्यहरूलाई ध्यानमा राखी काठमाडौं उपत्यकामा सरकारी क्षेत्रबाट विक्री वितरण भैरहेको चामलको मूल्य केही वृद्धि गरियो। वर्तमान मूल्य खुला बजारको मूल्य भन्दा अझ निकै कम छ। साथै चामलको सहुलियत दरमा वितरण गर्ने कार्य अन्य क्षेत्रमा विस्तार गरिएको छ।

गत वर्ष वजेट प्रस्तुत गर्दा आन्तरिक साधनको बढी परिचालन गर्न करमा विशेष परिवर्तन नगरिकनै राजस्वमा उल्लेखनीय वृद्धिगर्ने प्रयास गर्नेबारे उल्लेख गरेको थिएँ। तदनुसार यस क्षेत्रमा पहिलेको शुरू अनुमानभन्दा पनि बढी रकम राजस्वबाट उठ्ने देखेको कुरा माननीय सदस्यहरूलाई सुनाउन पाउँदा मलाई स्वभावतः सन्तोष लागेको छ।

कृषि क्षेत्रमा ऋण दिने कार्यक्रम सरल र विस्तारित गर्ने कुरा गत वर्ष उल्लेख गरेको थिएँ। यसमा चालू वर्षको प्रगति सन्तोषजनक लागेको छ। कृषि विकास बैंकबाट गत वर्षमा रू. ७ करोड ६५ लाख ऋण उपलब्ध गराइएकोमा चालू वर्ष रू. १८ करोडभन्दा बढी ऋण वितरण हुने अनुमान छ। वाणिज्य बैंकहरूद्वारा उत्पादन क्षेत्र र स-साना व्यवसायीहरूलाई कर्जा उपलब्ध गराउन चाहिने कानूनी व्यवस्था भइसकेको छ। तर यो क्षेत्र वाणिज्य बैंकहरूको लागि नौलो क्षेत्र भएकोले कानूनी व्यवस्थाले मात्र यस क्षेत्रमा कर्जाको विस्तार प्रभावकारी रूपले वृद्धि हुने नदेखिएकोले वाणिज्य बैंकहरू र स-साना व्यवसायीहरूको लागि आयोजना तर्जुमा तथा मूल्यांकन गरिदिने काममा मद्दत दिन तथा अरू प्राविधिक सरसल्लाह दिन कृषि आयोजना सेवा केन्द्रको स्थापना भैसकेको छ।

देशको मुख्य निर्यात वस्तु धान चामल भएकोले यसलाई अनियन्त्रित ढंगबाट निर्यात हुन नदिई धान चामल निर्यात व्यापारलाई संस्थागत गर्ने नीतिअनुसार देशको विभिन्न क्षेत्रहरूमा सात धान चामल निर्यात कम्पनीहरू स्थापना भएको माननीय सदस्यहरूलाई जानकारी नै छ। यी

आधिकारिकता [illegible] विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

कम्पनीहरूले निकासीको लागि धान चामल करीब लक्ष्य मुताबिक खरीद गरिसकेका छन्। निर्यात गर्नेतर्फ शुरूमा केही कठिनाईहरू भएकोमा अब ती कठिनाईहरू पनि क्रमशः सुल्झिदै गई निर्यात भइरहेको छ।

देशको सीमित साधनबाट बढ्दो आकांक्षा अनुरूपको विकास गर्न पर्ने स्थितिमा अनावश्यक खर्चतर्फ नियन्त्रण हुन जरूरी छ। यसको लागि आर्थिक अनुशासनको ठूलो महत्व रहन्छ। यस दिशातर्फ प्रभावकारी कदमहरू उठाइएको छ। तदनुसार गत वर्षको आयव्ययको करीब सम्पूर्ण हिसाबनै महालेखापरीक्षकको विभागबाट लेखा परीक्षण गराउन सकिएको छ। आर्थिक प्रशासनको क्षेत्रमा सर्वप्रथम यो सम्पन्न हुनु एक महत्वपूर्ण उपलब्धी हो भन्ने सम्झेको छु। यस्तै बेरूजूहरू समयमानै फछर्याउने र सरकारी रकम असूल गर्ने काममा पनि प्रभावकारी व्यवस्था मिलाई सकेको छ। राजस्व चुहावटलाई रोक्नेतर्फ पनि एक नयाँ व्यवस्था गरेको छ। यसबाट पनि राजस्व चुहावट रोक्न अरू बढी सहायक हुनेछ भन्ने कुरामा मलाई पूरा विश्वास छ। सरकारी निगम तथा संस्थानहरूको आर्थिक कार्यकलापमा सुधार गर्ने सिलसिलामा ७ वटा संस्थानहरूलाई छोडेर सबै संस्थानहरू तथा निगमहरूको अध्यावधिक लेखापरीक्षण महालेखापरीक्षकको विभाग मार्फत गराइसकिएको छ। बाकी संस्थानहरूको पनि लेखापरीक्षण तत्परताकिताथ भइरहेको छ। २८ वटा लेखापरीक्षण भइसकेका संस्थानहरूमध्ये १८ वटाले कूल रू. ११,७५,६६,००० नाफा गरेको र १० वटाको कूल रू. ३३,६८,००० नोक्सान भएको छ। यस्तो लेखापरीक्षण हुनु आर्थिक अनुशासनतर्फ एक प्रगतिको सूचक सम्झेको छु।

यस प्रकार चालू वर्षको बजेटमा निहित नीति तथा सिद्धान्त अनुरूप विभिन्न क्षेत्रहरूमा हुन सकेका कामहरूको संक्षेपमा उल्लेख गरें। यसबाट कतिपय क्षेत्रहरूमा भएको प्रगतिबाट मलाई सन्तोष लागेको छ त विद्यमान समस्याहरूको निराकरण गर्न अझ बढी प्रयास र बढी दृढताको आवश्यकताको अनुभव गरेको छु। तर मलाई विश्वास छ माननीय सदस्यहरूको सद्भावना तथा सहयोगबाट यी समस्याहरू पनि क्रमिक रूपले सुल्झाउन सकिनेछ।

अब म मौजुदा आर्थिक स्थितिबारे केही भन्न चाहन्छु। हुनत देशको मौजुदा आर्थिक स्थितिको विस्तृत विवरणको लागि आर्थिक सर्भेक्षण यस सदनमा पेश गरिसकेको र त्यसबाटनै माननीय सदस्यहरूलाई आर्थिक स्थितिको जानकारी भइसकेको छ। तथापि संक्षेपमा यस सम्बन्धमा मुख्य मुख्य कुराहरू उल्लेख गर्नु प्रासंगिक हुनेछ। हाम्रो वित्तिय र मौद्रिक क्षेत्रमा चालू आर्थिक वर्षमा लक्ष्य मुताबिक उपलब्धी भएको छ। तर देशको उत्पादन, मूल्य र व्यापार क्षेत्रमा आशातित प्रगति हुन सकेन। अन्तरराष्ट्रिय आर्थिक स्थिति पनि अझै हाम्रो जस्तो देशको परिस्थिति अनुकूल छैन। अतः वर्तमान आर्थिक स्थितिलाई सन्तोषजनक मान्न सकिंदैन।

यस वर्ष खाद्यान्न उत्पादनमा करीब २ प्रतिशतले वृद्धि भए तापनि जनसंख्याको वृद्धिदरलाई दृष्टिगत राख्दा विशेष प्रगति हुन सकेको छैन। नगदेबालीतर्फ उखुबाहेक सबैको उत्पादन केही वृद्धि भएको छ। औद्योगिक उत्पादनतर्फ कुनै उद्योगको उत्पादन बढ्न गएको छ त कुनैको घट्न गएको छ। तर चालू वर्षदेखि सिमेन्टको उत्पादन भने देशभित्रै हुन लागेको छ। यसबाट

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

एक प्रमुख निर्माण सामाग्रीको आवश्यकता देशभित्रैको उत्पादनबाट केही मात्रामा पूर्ति हुने भएको छ। केही वर्ष यता देश विकासको लागि पूर्वाधार तैयार गर्ने आधारभूत स्तम्भहरू सिर्जना गर्ने निर्माण कार्यमा सन्तोषजनक प्रगति भएको छ। तर यसबाट जनजीवनलाई तुरून्त आर्थिक लाभ नहुने हुँदा यसबाट सर्वसाधारणले आर्थिक लाभ उठाउन समय लाग्ने हुन्छ। शिक्षा र स्वास्थ्यजस्तो जनजीवन-लाई अति आवश्यक सेवा बढी से बढी जनतामा पुऱ्याउने लक्ष्य अनुरूप यस क्षेत्रमा भएको प्रगति सन्तोषजनक छ।

मूल्य वृद्धि अझैं देशको लागि एक प्रमुख समस्या भएको छ। राष्ट्रिय स्तरमा कुन कुन वस्तुहरूमा के कति दरले वृद्धि भएको छ भनी यकिन भन्न आवश्यक तथ्याङ्क छैन। तर काठमाडौंको भारित मूल्य सूचिबाट मूल्य वृद्धि वाँछनीय हदभन्दा बढीनै भएको देखिन्छ। हुनत गत वर्षको दाँजोमा यस वर्षको मूल्य वृद्धिको दर कम छ तर यसबाट हामीले सन्तोष मान्न सक्ने अवस्था छैन। अतः मूल्य वृद्धि नियन्त्रण गर्ने दिशामा बढी सचेत र अझ सक्रिय रहनु परेको छ।

मौद्रिक क्षेत्रमा यस वर्ष मुद्रा प्रदायको वृद्धि दर १० प्रतिशतभन्दा कममा नियन्त्रण गर्न सकेको कुरा मैले माथिनै उल्लेख गरिसकेको छु। गत वर्ष मुद्रा प्रदाय ठूलो वृद्धि हुनाको कारणहरूमा विदेशी मुद्राको सञ्चयमा लगातार वृद्धि हुनु र कर्जामा विस्तार हुनु भनी यस सदनमा उल्लेख गरेको थिएँ। यसको समाधानको लागि विदेशी मुद्राको सञ्चय घटाउने र कर्जा विस्तारमा नियन्त्रण गर्ने व्यवस्था गर्ने लक्ष्य राखेको थिएँ। तदनुसार सधैं विदेशी मुद्राको सञ्चिति मुद्रा प्रदाय विस्तार गर्ने कारक भैरहेकोमा यस वर्ष विदेशी मुद्राको उपयोग ठूलो मात्रामा भएकोले पहिलो पल्ट यो मुद्रा प्रदाय संकुचन गर्ने कारक भएको छ। तर कर्जातर्फ भने गत वर्षको दाँजोमा नीजि क्षेत्रमा कर्जा विस्तारतर्फ केही नियन्त्रण हुन गएको छ तापनि सरकारी संस्थानहरूलाई गएको कर्जामा ठूलो वृद्धि भएको छ। यसो हुनुमा मुख्यतः आवश्यक उपभोग्य वस्तुहरू तथा निर्माण र विकासका वस्तुहरू आयात गरी पर्याप्त मात्रामा जगेडा राख्न खोजेकोले हो। कर्जा नियन्त्रणको लागि यस आर्थिक वर्षको शुरूमानै गरिएको ब्याजदर वृद्धिबाट मात्र आशा गरेबमोजिम नतिजा प्राप्त हुन नसकेकोले केही समयअघि मात्र निक्षेपमा दिइने ब्याजदर र कर्जाको ब्याजदरमा पुनः उल्लेखनीय वृद्धि गरियो। यसबाट यस क्षेत्रमा सकारात्मक प्रवृत्ति देखा पर्न थालिसकेको छ र काठमाडौं उपत्यकामा मात्र वैशाख १५ गतेदेखि आषाढ ६ गतेसम्मको छोटो अवधिमा रू. २ करोड ३७ लाख मुद्दति तथा बचत निक्षेपमा वृद्धि भएको छ।

वैदेशिक व्यापारतर्फ केही आवश्यक वस्तुहरूको आपूर्ति नियमित गर्न परम्परागत स्रोत-को अतिरिक्त समुद्रपारबाट समेत ठूलो मात्रामा आयात गरिएको कुरा माननीय सदस्यहरूलाई विदितै छ। निर्याततर्फ भने केही प्रारम्भिक कठिनाइहरूले गर्दा केही ढीलाइ हुनगई वैदेशिक व्यापार-को भुक्तानी स्थितिमा हाललाई केही असंतुलन देखा परेको छ। तर यी प्रारम्भिक कठिनाइहरू क्रमशः सुल्झिदै गई निर्यात हुन थालेको छ र आयाततर्फ केही प्रमुख वस्तुहरूको पर्याप्त मौज्दात भैसकेकोले भुक्तानी स्थितिमा सुधार हुने कुरामा विश्वस्त छु।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। १२०

हाम्रो जस्तो खुला अर्थतन्त्र भएको देशमा अन्तरराष्ट्रिय आर्थिक गतिविधिको ठूलो असर पर्ने कुरा मैले गत वर्ष पनि उल्लेख गरेको थिएँ। हाम्रो अर्थ व्यवस्थाको ढाँचा तथा बनौटलाई दृष्टिगत गर्दा देशको विकासको आवश्यकता र दैनिक उपभोगको लागि मात्र होइन कि राजस्व परिचालनको लागि समेत वैदेशिक व्यापारमा नै बढी निर्भरता रहेको छ। यस अवस्थामा अन्तरराष्ट्रिय क्षेत्रमा अझै कायम रहेको मौद्रिक अनिश्चितता र विकसित देशहरूमा भएको आर्थिक मन्दीबाट हाम्रो निर्यात तथा आयात व्यापारमा प्रतिकूल असर पर्न गई सम्पूर्ण अर्थ व्यवस्थाको सञ्चालनमा नराम्रो प्रभाव परेको छ। यसै सन्दर्भमा केही महीना अघिसम्म कतिपय आवश्यक वस्तुहरू विश्वभर नै अभाव भै बढी मूल्य तिरी आयात गर्न खोज्दा पनि आवश्यक मात्रामा नपाउने स्थिति भएको थियो भने अब त्यो स्थितिमा परिवर्तन आएको छ। यसबाट एकातिर हामीले कतिपय वस्तुहरूको आयात गर्दा बढी मूल्य तिर्नु परेको थियो भने हाम्रो निर्यात हुने वस्तुहरू कम मूल्यमा बिक्री पर्ने स्थिति उत्पन्न भएको छ।

अन्तरराष्ट्रिय आर्थिक स्थितिमा केही सुध्रने लक्षण देखा परे तापनि सामान्य स्थितिमा सो कहिलेसम्म आउला अडकल गर्न पनि सकिन्न। यस परिस्थितिमा बढी आशावादी नभई वास्तविकतालाई स्पष्ट स्वीकार गरी आगामी वर्षको बजेट तर्जुमा गरेको छु। यीनै वर्तमान आर्थिक स्थितिको पृष्ठभूमिमा आगामी वर्षको लागि निम्न नीतिहरू अनुसरण गर्ने भएको छु–

(१) साधारण बजेटतर्फ मितव्ययिता अपनाई खर्चको वृद्धिदर हदैसम्म नियन्त्रित गर्ने,
(२) विकासको लागि बढी से बढी साधन जुटाउने,
(३) उत्पादनशील क्षेत्र खासगरी कृषिमा बढी लगानी गर्ने,
(४) सर्वसाधारण जनतालाई तुरून्त लाभ पुऱ्याउन सकिने सामाजिक सेवामा बढी लगानी गरी सेवाको विस्तार गर्ने,
(५) राजस्वतर्फ विशेष कर परिवर्तन नगरी भैरहेको व्यवस्थाबाटनै बढी राजस्व उठाउने,
(६) मुद्रा प्रदायको वृद्धि दर वाञ्छनीय हदभित्र राख्ने,
(७) निम्न आय हुने वर्गलाई केही सुविधा तथा सहूलियतको व्यवस्था गर्ने,

उपर्युक्त नीतिअनुसार साधारणतर्फको बजेटमा नियन्त्रित गर्न पूरा भएका विकास आयोजनाहरू बढी मात्रामा साधारणतर्फ आएको सांवा ब्याज भुक्तानीमा वृद्धि भएको तथा दैनिक प्रशासकीय कामको लागि चाहिने वस्तुहरूको मूल्यमा भएको ठूलो वृद्धिको बावजूद पनि साधारणतर्फको खर्चको वृद्धिदर करीब चालू वर्षकै स्तरमा कायम गरिनेछ। विकासतर्फको खर्चमा भने चालू वर्षको अनुमान अघिल्लो वर्षको अनुमानभन्दा १० प्रतिशत जति भएकोमा आगामी वर्ष चालू वर्षको अनुमानभन्दा करीब २६ प्रतिशत वृद्धि गरिएको छ। साधारण र विकास दुबैतर्फ भवन निर्माण, फर्निचर, इन्धन जस्ता अनुत्पादक खर्चहरू हदैसम्म कटौति गरी बजेट तर्जुमा गरिएको छ। यसमा आवश्यक नियन्त्रण गर्ने उपयुक्त व्यवस्था मिलाउने भएको छु।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ महाराजाधिराज सरकारबाट आह्वान गरिबक्से बमोजिम आगामी वर्षमा मनाइने कृषि वर्षको लागि यससम्बन्धी विशेष कार्यक्रमको लागि रकम छुट्याउनुको अतिरिक्त कृषि तथा सिंचाइ क्षेत्रको लागि विकास खर्चमा चालू वर्षको तुलनामा ठूलो वृद्धि गरिनेछ। कृषि क्षेत्रमा यसरी गरिने लगानीको वृद्धिबाट देशको कृषि उत्पादनमा ठोस योगदान हुनेछ भन्ने विश्वास लिएको छु। साथै शिक्षा, स्वास्थ्य र पिउने पानी जस्ता हरेक मानिसकोलागि नभइ नहुने सेवाको विस्तार गर्ने उद्देश्यले यस्ता क्षेत्रमा गरिने लगानीमा पनि ठूलो वृद्धि गरिनेछ।

देशको मौजुदा आर्थिक स्थितिलाई दृष्टिगत राख्दा एकातिर कर परिवर्तन गर्ने कम गुंजायस छ त अर्कोतिर देश विकासको लागि साधनको आवश्यकता पनि उत्तिकै जरूरी छ। करको दरमा मात्र वृद्धि गरेमा कर छल्ने प्रवृत्ति बढ्न सक्ने हुँदा करको ढाँचा प्रगतिशील भएपनि यसको असर अप्रगतिशील हुने आशंका रहन्छ। यस तथ्यलाई ध्यानमा राखी आगामी वर्ष पनि करको दरमा विशेष परिवर्तन नगरी भइरहेको कर व्यवस्थाबाट नै हरसंभव बढी राजस्व उठाइनेछ। कर परिवर्तनमा सर्वसाधारणले उपभोग गर्ने वस्तुहरूको मूल्यमा प्रतिकूल असर नपर्ने गरी अझ हुन सक्ने केही यस्ता वस्तुहरूमा अनुकूल प्रभाव पार्ने दृष्टिकोण राखेको छु।

चालू वर्षमा मुद्रा प्रदायको विस्तारलाई नियन्त्रण गर्ने कारकमा विदेशी मुद्राको सञ्चय घट्नु नै प्रमुख भएकोमा आगामी वर्ष मुद्रा प्रदाय नियन्त्रण गर्न कर्जाको विस्तारमा नियन्त्रण तथा बचत तथा मुद्दतिमा वृद्धि गर्नेतर्फ विशेष जोड दिइनेछ। सरकारी संस्थाहरूको लागि पनि आफ्नो कारोवार वृद्धि भएको अनुपातमा आफ्नो पूंजीको अभावमा बैंकसंग कर्जा लिनु पर्ने स्थिति भएकोले श्री ५ को सरकारले साधनले भ्याएसम्म संस्थानहरूमा लगानी गरी पूंजीको व्यवस्था गर्नेछ।

वर्तमान आर्थिक स्थितिको सन्दर्भमा खासगरी मूल्यवृद्धिको कारणबाट निम्न एवं स्थिर आय हुने वर्गलाई परेको मर्का श्री ५ को सरकारले महशूस गरेको छ। वास्तवमा आर्थिक विकास प्रकृयालाई नै द्रुततर एवं न्यायपूर्ण नबनाएसम्म यो समस्याको सही समाधान हुन सक्दैन। अल्पकालिन दृष्टिकोणबाट यस्तो वर्गलाई केही सहूलियत दिन खोजेमा पनि सीमित साधनले गर्दा चाहेको मात्रामा सुविधा दिन सक्ने अवस्था छैन। तथापि यस्तो वर्गलाई केही मात्रामा भएपनि सुविधा मिलोस् भन्ने हेतुले राजपत्र अनङ्कित निजामती कर्मचारीहरूलाई सहूलियत मूल्यमा चामल विक्री वितरण गर्ने र त्यसबाट हुने घाटा श्री ५ को सरकारले व्यहोर्ने छ। सो व्यवस्था गर्न नसकिने ठाउँमा नगदको रूपमा सहूलियत दिइनेछ। श्री ५ महाराजाधिराज सरकारबाट शाही सम्बोधनमा हुकुम बक्से बमोजिम अवकाश प्राप्त व्यक्तिहरू र पछि अवकाश पाउने कर्मचारीहरूले पाउने निवृत्त-भरणमा समेत आगामी आर्थिक वर्षदेखि केही वृद्धि गरिनेछ। अवकास पाइसकेका निजामती, शाही सेना तथा प्रहरीका कर्मचारीहरूका हकमा न्यून वैतनिक राजपत्र अनङ्कित कर्मचारीहरूलाई ४० प्रतिशत अन्य, राजपत्र अनंकित कर्मचारीहरूलाई ३० प्रतिशत र राजपत्राङ्कित कर्मचारी–रूलाई २० प्रतिशतले निवृत्तभरणमा वृद्धि गरिएको छ। यसरी वृद्धि गर्दा पनि कुनै राजपत्र अनङ्कित कर्मचारीहरूको मासिक निवृत्तभरण प्रति महीना रू. ४२।– भन्दा कम हुने भएमा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
122

यस्ता अवकाश प्राप्त कर्मचारीहरूलाई न्यूनतम रू. ४२।– दिइने व्यवस्था गरिएको छ । त्यस्तै राजपत्राङ्कित अवकाश प्राप्त कर्मचारीहरूलाई पनि मासिक निवृत्तभरणको न्यूनतम रकम रू. १००।– गरिने भएको छ । यसै गरी अब उप्रान्त अवकाश पाउने कर्मचारीहरूको सम्बन्धमा पनि निम्न वर्गहरूले बढी वृद्धि पाउने गरी सबै अवकाश पाउने कर्मचारीहरूको निवृत्तभरणको दरमा वृद्धि गरिएको छ।

यसको अतिरिक्त देशका ग्रामीण क्षेत्रहरूमा अधिकांश निम्न आय हुने वर्गले उपभोग देखि लिएर विभिन्न कार्यहरूको लागि समेत सून, चाँदी इत्यादि धितो राखी बैङ्कहरूबाट कर्जा लिने गरिरहेकोमा हालको ब्याज दर वृद्धिले गर्दा यस्ता ऋणहरू निखन्न चाहेमा पनि केही समय लाग्नु स्वाभाविकै हो। यस किसिमका साना ऋण लिने वर्गलाई धितो निखन्न केही सुविधा दिनु न्यायोचित देखिन्छ । अत: ग्रामीण क्षेत्रहरूबाट नयाँ ब्याज दर लागेको मितिभन्दा अगाडिका १,०००।– सम्मका ऋणमा नयाँ ब्याज दर लागू भएको मितिदेखिनै लागू हुने गरी अब अर्को ६ महीनाको अवधिसम्मको लागि पुरानै ब्याज दरमा धितो निखन्न मौका दिइनेछ । यसको निमित्त लाग्ने खर्च श्री ५ को सरकारले व्यहोर्ने गरी नेपाल राष्ट्र बैङ्कले आवश्यक व्यवस्था गर्ने भएको छ ।

निम्न आय भएका जनसाधारण सबैले केही सहूलियत पाउन् भन्ने हेतुले आय कर छूट पाउने अङ्कमा पनि केही वृद्धि गर्ने भएको छ ।

योजनावद्ध प्रणालीद्वारा आर्थिक विकास गर्ने क्रममा आगामी वर्षदेखि कार्यान्वयन हुने पाँचौं पञ्च वर्षिय योजनाको ठूलो महत्व छ । मैले यस बजेट तर्जुमा गर्न प्रतिपादन गरेका नीति तथा कार्यक्रमहरू यस योजनाले लक्ष्य गरेको उद्देश्य र प्राथमिकताबाट निर्देशित छन् । आगामी वर्षको कार्यक्रमको विस्तृत विवरण छुट्टै यस सदनमा पेश हुनेनै भएकोले यसमा बढी व्याख्या गरी माननीय सदस्यहरूको समय लिन चाहन्न । तथापि यसको महत्वपूर्ण बूँदाहरू उल्लेख गर्न आवश्यक ठान्दछु ।

सर्वप्रथम कृषितर्फ आगामी वर्षको विकास खर्च यस वर्षको संशोधित अनुमानभन्दा झण्डै तीन गुणा वृद्धि गरी यस महत्वपूर्ण क्षेत्रले पाउन् पर्ने प्राथमिकता अनुसार रकम छुटयाइएको छ। यसरी छुटयाइएको रकमहरूबाट कृषि अनुसन्धान र कृषि प्रसारलाई प्रभावकारी बनाउनुको साथै कृषि कर्जा तथा उपकरणहरूको वितरण विस्तार भै उत्पादनमा वृद्धि हुने आशा राखेको छु। यसैगरी सिंचाइतर्फ पनि आगामी वर्ष चालू वर्षको दाँजोमा पुगनपुग दोब्बर रकम छुटयाइएको छ । सिंचाइतर्फको केही ठूला आयोजनाहरूको कार्यान्वयन सुचारू रुपले हुन थालेकोले यसरी गरिएको थप रकमको व्यवस्थाले निकट भविष्यमा यी आयोजनाहरू पूरा भई कृषि पैदावारको वृद्धि गर्नमा मद्दत दिनेछन् । आगामी वर्ष सतह सिंचाइको सुविधाको अतिरिक्त टयूववेल सिंचाइको पनि विस्तार गर्ने कार्यक्रम छ। आगामी वर्ष कृषि वर्ष भएकोले यस अन्तर्गत पशुपालन, फलफूल विकास, खाद्यान्न तथा नगदेबालीको विकास आदिको विशेष कार्यक्रम सञ्चालन गर्न आवश्यक रकमको व्यवस्था गरिएको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

यातायाततर्फ गएका वर्षहरूमा यस क्षेत्रमा भएको ठूलो लगानी र वर्तमान परिस्थितिमा बढी उत्पादनशील क्षेत्रमा प्राथमिकता दिनु पर्ने आवश्यकतालाई ध्यानमा राखी यसतर्फको खर्चमा धेरै वृद्धि हुन दिएको छैन। चौथो योजनामा शुरु गरिएका सडकहरूको निर्माण कार्य चालू राखी पूरा गर्नु पर्ने हुँदा मुख्यत त्यसमा बढ्ता रकम लाग्ने भएको छ। पहाडी एवं दुर्गम क्षेत्रको यातायातको कठिनाइलाई ध्यानमा राखी झोलुङ्गे पुलहरूको निर्माणमा भने विशेष जोड दिइएको छ।

सञ्चारतर्फ आधुनिक सञ्चार व्यवस्थाको विस्तार गर्ने कार्यक्रम चालू रहनेछ।

विद्युत्तर्फ मध्यमाञ्चल क्षेत्रमा निकट भविष्यमा नै विद्युत् शक्तिको कमी हुने देखिएकोले यस क्षेत्रमा नयाँ आयोजनाहरूको कार्यान्वयनमा विशेष जोड दिइएको छ। अन्य स्थानहरूमा पनि स-साना जल विद्युत आयोजनाहरूको निर्माण कार्य र प्रसारण लाइन विस्तार गर्ने कार्य चालू रहनेछ। साथै इन्धन संकटको सन्दर्भमा जल विद्युत् विकासको महत्वलाई ध्यानमा राखी ठूला जल विद्युत आयोजनाहरूको संभाव्यता अध्ययनतर्फ विशेष जोड दिइएको छ।

उद्योग र खानीतर्फ गत केही वर्षहरूदेखिनै देशलाई आत्मनिर्भर हुन सहायक हुने तथा आयात घटाउने उद्योगहरूमा विशेष जोड दिइआएको हो। तदनुसार यस्ता केही उद्योगहरू सरकारी क्षेत्रमा स्थापना गर्ने कार्यक्रम सञ्चालन भैरहेकोमा कतिपय कारणहरूले स्थापना गर्न ढिलाई भैरहेकोमा आगामी वर्ष यी कार्यक्रमहरू सञ्चालन गर्न विशेष प्रयास गरिनेछ। यसरी चालू वर्षको कार्यक्रममा समावेश भएका सूती कपडा, वनस्पति घ्यू जस्ता उद्योगहरूको स्थापनामा तीव्रता ल्याउनुको अतिरिक्त केही थप उद्योगहरूको स्थापनाको लागि प्रारम्भिक कार्यहरू शुरु गरिनेछ। गैर सरकारी क्षेत्रमा पनि केही आवश्यक उपभोग्य वस्तुहरू उत्पादन गर्न उद्योगहरू स्थापना हुने भएका छन्। वाणिज्य बैङ्कहरूबाट पनि उद्योगहरूलाई दीर्घकालीन ऋण दिन सक्ने व्यवस्था गरिएकोले उद्योगको कर्जाको आवश्यकता नेपाल औद्योगिक विकास कर्पोरेशनको अतिरिक्त यस क्षेत्रबाट पनि पूर्ति हुने भएको छ। साथै यस वर्ष स्थापना गरिएको औद्योगिक सेवा केन्द्रले हाल भैरहेको र नयाँ स्थापना हुने उद्योगहरूलाई प्राविधिक सरसल्लाह र परियोजना प्रतिवेदन उपलब्ध गराई औद्योगिकरणको दिशामा महत्वपूर्ण योगदान दिनेछ भन्ने आशा राखेको छ। त्यस्तै खानी विकासतर्फ विशेष कार्यक्रमको रुपमा खनिज पदार्थको एकिकृत अन्वेषण कार्य देशको मध्य भागमा शुरू गरिनेछ।

सामाजिक सेवातर्फ नयाँ शिक्षा योजनाबमोजिम आगामी शैक्षिक वर्षदेखि बाँकी २४ जिल्लाहरूमा पनि नयाँ शिक्षा योजना सञ्चालन गरिनेछ। साथै शुभराज्याभिषेकको महान् अवसरमा श्री ५ महाराजाधिराज सरकारबाट हुकुम बक्से बमोजिम नेपाल अधिराज्यभर निःशुल्क प्राथमिक शिक्षाको लागि आवश्यक व्यवस्था गरिएको छ।

स्वास्थ्य सेवातर्फ देशको केही भागमा पुनः देखा परेको औलो रोगलाई नियन्त्रण गर्न औलो उन्मूलन कार्यक्रमलाई बढी प्रभावकारी बनाउने व्यवस्था गरिएको छ। यस अतिरिक्त चालू वर्षमा सञ्चालन भैरहेका प्रतिकारात्मक स्वास्थ्य सेवालाई विस्तार गरिनेछ। परिवार नियोजन कार्यक्रमलाई दिइआएको प्राथमिकतालाई कायमनै राखिएको छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

खानेपानीतर्फ चालू खानेपानी आयोजनाहरूको सञ्चालनको अतिरिक्त दुर्गम क्षेत्रमा खानेपानीको सुविधा पुऱ्याउन विशेष ध्यान दिइएको छ। चालू वर्षको दाँजोमा आगामी वर्ष खानेपानीको लागि दोब्बर बढी रकमको व्यवस्था गरिएको छ।

अध्यक्ष महोदय,

चालू वर्षको आर्थिक गतिविधि, मौजुदा समस्या र यसको सन्दर्भमा आगामी वर्षको लागि मैले अपनाउन खोजेको नीति र कार्यक्रमहरूको रुपरेखा प्रस्तुत गरें। वास्तवमा मैले यहाँ अपनाउन खोजेको नीतिहरू सबै नौला होइनन्। वर्तमान समस्याहरूको समाधानको लागि महत्वाकांक्षी सिद्धान्तहरूको अनुसरण गर्नुभन्दा हामीले पहिल्याई सकेको समयानुकूल नीति तथा मार्गको अझ दृढ तरिकाले अवलम्बन गर्नुनै युक्तिसंगत ठानेको छु।

वर्तमान आर्थिक चुनौतिको सामना गरी विकासको जटिल प्रक्रयालाई जारी राख्ने कार्य सजिलो छ भन्ने धारणा लिनु जति अव्यावहारिक हुन्छ त्यत्तिनै शुरुमै निरूत्साह वा शंकाको दृष्टि अपनाउनु पनि हानिकारक हुन्छ। देशले विभिन्न पक्षहरूमा धेरै अनुभव हासिल गरिसकेको छ। यसलाई सदुपयोग गरी विकास प्रक्रयालाई मजबूत गरेमा तथा विकासको क्रममा आइपरेका समस्याहरू हामी सबै लगनशील भै परिश्रम गरेमा समाधान हुन नसक्ने देख्दिन। तसर्थ आजको वास्तविक आवश्यकता छ आफूले गर्न लागेको काममा विश्वास, हरेस नखाने प्रवृत्ति तथा लगनशीलता।

अन्तर्राष्ट्रिय क्षेत्रको गतिविधिको हकमा मैले माथि उल्लेख गरेझैं मौद्रिक क्षेत्रमा अझै रहेको अनिश्चितता, विकसित देशहरूमा देखा परेको मन्दी आदि कुराहरूले हामीलाई ज्यादै आशावादी हुने स्थान दिंदैन तापनि यस क्षेत्रमा पनि केही आशाजनक लक्षणहरू देखा परेका छन्। विश्वका अतिपय विकसित राष्ट्रहरूमा कम विकसित देशहरूको समस्या तथा वाह्य आर्थिक साधनको बढ्दो आवश्यकताको बढी मात्रामा महशूस हुँदै आएको छ। यो कुरा विदेशी सहायतामा निक्कै भर पर्नु पर्ने नेपाल जस्तो देशको लागि आशाजनक छ। बहुपक्षीय सहायता क्षेत्रमा विश्व बैङ्क अन्तर्गत सहूलियतपूर्ण थप आर्थिक सहायताको सुविधा पुऱ्याउने उद्देश्यले स्थापना हुन लागेको नयाँ स्रोत (थर्ड विण्डो) ले यस सन्दर्भमा विशेष महत्व राख्दछ। संयुक्त राष्ट्र विकास कार्यक्रम अन्तर्गत प्राप्त हुने सहायताको स्तरमा पनि ठूलो वृद्धि हुनुको साथै बढी प्रभावकारी रूपमा उपयोग हुँदैछ। विश्व खाद्य कार्यक्रम जस्ता संयुक्त राष्ट्र संघ सम्बन्धित अन्य संस्थाहरूको सहायता कार्यक्रमको स्थान पनि बढी महत्वपूर्ण हुँदैछ। द्विपक्षीय सहायताको हकमा भारत, चीन तथा संयुक्त राज्य अमेरिका जस्ता परम्परागत स्रोत रहिआएका मित्रराष्ट्रहरूको भूमिका महत्वपूर्ण रहिरहेको छ। संयुक्त अधिराज्य सरकारले कम विकसित राष्ट्रहरूलाई हालसम्म सहूलियत दरमा ऋण सहायता प्रदान गर्दै आएकोमा अव सबै किसिमका परियोजनाहरूको लागि अनुदानको रूपमा सहायता दिने हालै अपनाएको नीति अर्को महत्वपूर्ण तथा स्वागतयोग्य कदम हो। संघीय गणतन्त्र जर्मनीले पनि सहायतासम्बन्धी शर्तमा यस्तै उदारवादी

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नीति अपनाएको छ। नेपालको लागि आर्थिक सहायताको महत्वपूर्ण स्रोत रहिआएको यी सबै मित्रराष्ट्रहरूले अपनाउने नीतिबाट हामी लाभान्वित हुने कुरा स्पष्ट छ। मित्रराष्ट्र जापानले पनि हाम्रो विकास कार्यमा अभिरुची राखी सहायता स्तरमा वृद्धि गर्ने भएको छ। यसै क्रममा क्यानाडा सरकारले पनि उक्त देशबाट दिइआएको सहायताको परिमाणमा ठूलो वृद्धि हुने लक्षण देखा परेको छ। यसको अतिरिक्त स्विट्जरलैण्ड, डेनमार्क लगायत अरू कतिपय मित्रराष्ट्रहरूले गर्दै आएको सहायताबारे यहाँ उल्लेख गर्नु पर्गेइन। यसरी विकसित औद्योगिक राष्ट्रहरूले प्रदान गर्ने सहायताको अतिरिक्त कुवैत तथा इरान जस्ता तेल निर्यात गर्ने (OPEC) समूहका मित्रराष्ट्रहरूले नेपालको विकासमा अभिरूची देखाई सहायता गर्न देखाएको तत्परताबाट नेपालको अन्तर्राष्ट्रिय आर्थिक सहयोगबारे हामी विशेष आशावादी हुनु स्वाभाविक हो।

## २

अब म आर्थिक वर्ष २०३०–३१ को यथार्थ र २०३१–३२ को आयव्ययको संशोधित अनुमान पेश गर्दछु। आर्थिक वर्ष २०३०–३१ मा साधारण खर्चतर्फ रू. ४९ करोड ८३ लाख ३५ हजार र विकास खर्चतर्फ रू. ८१ करोड १४ लाख ३८ हजार गरी जम्मा रू. १ अरब ३० करोड ९७ लाख ७३ हजार खर्च हुने संशोधित अनुमान भएकोमा यथार्थमा क्रमशः रू. ४७ करोड ४८ लाख २६ हजार र रू.७५ करोड १४ लाख ७९ हजार गरी जम्मा रू. १ अरब २२ करोड ६३ लाख ५ हजार खर्च भयो। आयतर्फ राजस्वबाट रू. ७२ करोड ९४ लाख २० हजार र विदेशी अनुदानबाट रू. २१ करोड ७२ लाख ६ हजार प्राप्त हुने संशोधित अनुमान भएकोमा क्रमशः रू. ७६ करोड ६४ लाख ३५ हजार र रू. २२ करोड २६ लाख २२ हजार गरी रू. ९८ करोड ९० लाख ५७ हजार प्राप्त भएको थियो। यसरी न्यून हुनगएको रू. २३ करोड ७१ लाख ४८ हजार मध्ये विदेशी ऋणबाट रू. ८ करोड ७८ लाख ७२ हजार र आन्तरिक ऋण रू. १० करोड उठाई व्यहोरिएकोले बाँकी खूद घाटा रू. ४ करोड ९३ लाख ७६ हजार नगद मौजदातबाट व्यहोरिएको थियो। यसरी आर्थिक वर्ष २०३०–३१ मा संशोधित अनुमान अनुसार रू. १५ करोड ६२ लाख ५४ हजार खूद न्यून हुने देखिएकोमा यथार्थमा रू. ४ करोड ९३ लाख ७६ हजार मात्र खूद न्यून हुन गएको देखिन आएको छ।

चालू आर्थिक वर्षमा साधारणतर्फ रू. ५८ करोड ७५ लाख ३५ हजार र विकासतर्फ रू. १ अरब १५ करोड ३३ लाख ५६ हजार गरी जम्मा रू. १ अरब ७४ करोड ८ लाख ९१ हजार खर्च हुने अनुमान भएकोमा क्रमशः रू. ५७ करोड ६३ लाख ४९ हजार र रू.९२ करोड ५९ लाख १० हजार गरी जम्मा १ अरब ५० करोड २२ लाख ५९ हजार खर्च हुने संशोधित अनुमान छ। आय तर्फ राजस्वबाट रू. ९५ करोड ९७ लाख ४८ हजार र विदेशी सहायता अनुदानतर्फ रू. ३३ करोड ७४ लाख ३८ हजार प्राप्त हुने अनुमान भएकोमा राजस्वबाट रू. १ अरब ८५ लाख र विदेशी सहायताबाट रू. २७ करोड २ लाख २५ हजार प्राप्त हुने संशोधित अनुमान छ। यस प्रकार चालू आर्थिक वर्षमा न्यून रू. ४४ करोड ३७ लाख ५ हजार हुने अनुमान भएकोमा अब रू. २२ करोड ३५ लाख ३४ हजार न्यून हुने संशोधित अनुमान छ। तर विदेशी ऋणबाट रू. १० करोड ४७ लाख ८५ हजार प्राप्त हुने संशोधित अनुमान भएकोले आन्तरिक ऋण रू. २० करोडको सट्टा रू. १० करोड मात्र उठाई रू. १ करोड ८७ लाख ४९ हजार नगद मौजदातबाट व्यहोरिने भएको छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## ३

अब म आगामी आर्थिक वर्षको आयव्यय अनुमान पेश गर्दछु। खर्चतर्फ साधारण बजेटमा रू. ६९ करोड १० लाख ८६ हजार र विकास बजेटमा रू. १ अरब ४५ करोड ५८ लाख ४७ हजार गरी जम्मा रू. २ अरब १४ करोड ६९ लाख ३३ हजार खर्च हुने अनुमान छ। चालू वर्षको संशोधित अनुमानको तुलनामा यो खर्च साधारणतर्फ १९.९ प्रतिशतले र विकास तर्फ ५७.२ प्रतिशतले वृद्धि भएको छ। साधारण बजेटको कूल खर्चमा ऋण लगानी र सांवा ा व्याज भुक्तानीको लागि मात्र रू. ७ करोड ४९ लाख ३२ हजार अर्थात् १०.८ प्रतिशत परेको छ। साधारण बजेटको कूल खर्चमध्ये संवैधानिक अङ्गहरूमा रू. १ करोड ६३ लाख २० हजार, साधारण प्रशासनमा रू. ११ करोड ३० लाख २० हजार, राजस्व प्रशासनमा रू. २ करोड ३६ लाख ३६ हजार, आर्थिक प्रशासन र योजनामा रू. ८७ लाख ४१ हजार, न्याय प्रशासनमा रू. १ करोड १४ लाख ५१ हजार, वैदेशिक सेवामा रू. २ करोड १६ लाख २९ हजार, रक्षामा रू. १४ करोड ५९ लाख ७४ हजार, सामाजिक सेवाहरूमा रू. १४ करोड ६७ लाख ५५ हजार, आर्थिक सेवाहरूमा रू. ८ करोड ४३ लाख ९३ हजार, ऋण र लगानीमा रू. ४० लाख ५० हजार, सांवा र व्याज भुक्तानीमा रू. ७ करोड ८ लाख ८२ हजार र विविधमा रू. ४ करोड १२ लाख ३५ हजारको व्यवस्था गरिएको छ।

आगामी आर्थिक वर्षको विकास बजेटतर्फको कूल खर्चमध्ये आर्थिक सेवाहरूमा रू. १ अरब ८ करोड १९ लाख १६ हजार, सामाजिक सेवाहरूमा रू. ३५ करोड ७६ लाख ८७ हजार, साधारण प्रशासन, आर्थिक प्रशासन तथा योजना र विविधमा रू. १ करोड ६२ लाख ४४ हजार छुटयाइएको छ।

सामाजिक सेवाहरूतर्फ कूल खर्चमध्ये शिक्षामा रू. १६ करोड ५९ लाख ७८ हजार अर्थात् कूल विकास बजेटको ११.४ प्रतिशत, स्वास्थ्यमा रू. ८ करोड ५५ लाख १० हजार अर्थात् ५.९ प्रतिशत, पिउने पानीमा रू. ६ करोड १ लाख ८५ हजार अर्थात् ४.१ प्रतिशत, पञ्चायतमा रू. २ करोड ६३ लाख ९९ हजार अर्थात् १.८ प्रतिशत र अन्य सामाजिक सेवामा रू. १ करोड ९९ लाख १८ हजार अर्थात् १.३ प्रतिशत खर्च हुने अनुमान गरिएको छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

आर्थिक सेवाहरूतर्फ कूल खर्चमध्ये, कृषि सिंचाइ र भूमिसुधार तथा नापीमा रू.४० करोड ७० लाख २४ हजार अर्थात् कूल विकास खर्चको २७.६ प्रतिशत, वनमा रू. ४ करोड ६२ लाख ८० हजार अर्थात् ३.२ प्रतिशत, उद्योग तथा खानीमा रू. १२ करोड ७ लाख ३२ हजार अर्थात् ८.३ प्रतिशत, सञ्चारमा रू. १ करोड ३७ लाख ८१ हजार अर्थात् १.० प्रतिशत, यातायात मा रू. ३८ करोड ७६ लाख ६३ हजार अर्थात् २६.७ प्रतिशत, विद्युत्मा रू. ८ करोड ६८ लाख ८६ हजार अर्थात् ६.० प्रतिशत र अन्य आर्थिक सेवाहरूमा रू. १ करोड ९२ लाख ४७ हजार अर्थात् १.३ प्रतिशत छुट्याइएको छ।

खर्च व्यहोर्ने साधनतर्फ यस वर्ष राजस्व सङ्कलनमा उत्साहजनक प्रगति भएको छ। प्रत्यक्ष करतर्फ चालू आर्थिक वर्षमा रू. १६ करोड ४६ लाख राजस्व उठ्ने संशोधित अनुमान भएकोमा आगामी वर्ष वर्तमान राजस्वको स्रोतबाट रु. २३ करोड ५५ लाख प्राप्त हुने अनुमान छ। अप्रत्यक्ष करतर्फ भन्सार, अन्तःशुल्क तथा बिक्री कर आदिबाट चालू आर्थिक वर्षमा रू. ६३ करोड ५८ लाख प्राप्त हुने संशोधित अनुमान भएकोमा आगामी वर्ष रू. ७३ करोड १० लाख प्राप्त हुने अनुमान छ। वन, विद्युत् र साँवा ब्याज तथा लाभांस र अन्य स्रोतहरूबाट चालू वर्षमा रू.१७ करोड ७८ लाख प्राप्त हुने संशोधित अनुमान गरेकोमा आगामी वर्ष रू.२३ करोड ५ लाख राजस्व उठ्ने अनुमान छ। यस प्रकार आगामी वर्ष राजस्वको वर्तमान स्रोत र दरबाट रू. १ अरब १६ करोड ७० लाख प्राप्त हुने अनुमान गरेको छु।

विदेशी सहायता अन्तर्गत विदेशी अनुदान रू. ४२ करोड ७१ लाख ५६ हजार प्राप्त हुने र विदेशी ऋण रू. २७ करोड ७६ लाख १७ हजार प्राप्त हुने अनुमान गरिएको छ। यस प्रकार बहुपक्षीय तथा द्वि-पक्षीय विदेशी अनुदान तथा ऋणद्वारा जम्मा रू. ७० करोड ४७ लाख ७६ हजार प्राप्त हुने अनुमान गरेको छु। यसरी चालू वर्षको तुलनामा आगामी वर्ष वैदेशिक सहायताको रकममा उल्लेखनीय वृद्धि हुने अनुमान गरेको छु। यस अवसरमा नेपालको विकास कार्यमा बढी अभिरूची लिई सहायता प्रदान गर्ने सबै मित्रराष्ट्रहरू तथा अन्तर्राष्ट्रिय संघ संस्था प्रति श्री ५ को सरकारको तर्फबाट कृतज्ञता ज्ञापन गर्दछु।

यसरी साधारण तथा विकास गरी जम्मा रू. २ अरब १४ करोड ६६ लाख ३३ हजार खर्च हुने अनुमान गरिएकोमा राजस्वको वर्तमान स्रोतबाट र विदेशी अनुदान तथा ऋण गरी जम्मा रू. १ अरब ६० करोड १७ लाख ७६ हजार प्राप्त हुने भै न्यून हुन आउने रू. २४ करोड ५१ लाख ५७ हजारमध्ये रू. २० करोड आन्तरिक ऋण उठाई पूर्ति गर्ने विचार गरेको छु। यसरी बाँकी हुन आउने खूद न्यून रू. ४ करोड ५१ लाख ५७ हजार कसरी पूर्ति गर्ने भन्ने बारे अब म उल्लेख गर्न चाहन्छु।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४

श्री ५ को सरकारको आर्थिक गतिविधिका विभिन्न पक्षहरूमा राजस्व सङ्कलन गर्ने कार्य उत्साहवर्धक भएको कुरा अगिनै उल्लेख गरिसकें । यसमा माननीय सदस्य महानुभावहरूको सहमति नै होला भन्ने विश्वास राखेको छ । वर्तमान स्रोतबाट अझ बढी राजस्व उठाउन विभिन्न उपायहरू अवलम्बन गर्ने प्रयास निर्भिकरूपले जारी नै राख्नेछु । यही उमेद राखी आगामी वर्ष पनि राजस्व प्रशासनलाई अझ सुदृढ गरी वर्तमान स्रोतबाट नै यस वर्षको कूल राजस्व अनुमानभन्दा करीब २५ प्रतिशत बढी रकम उठाउने लक्ष्य राखेको छु।

विकासको बढ्दो साधनको आवश्यकता पूर्ति गर्न केही थप राजस्व नउठाई नहुने कुरामा दुई मत नहोला। यसको लागि प्रस्तावित कर परिवर्तन गर्दा मैले अघि उल्लेख गरे अनुसार ...यको नीति अवलम्बन गरेको छु:

(१) जनसाधारणले उपभोग गर्ने अत्यावश्यक वस्तुहरूमा कर परिवर्तनबाट मूल्य वृद्धि हुन नदिने ।

(२) मूल्य वृद्धिबाट असर परेका निम्न आय भएका व्यक्तिहरूलाई केही सहूलियत दिने ।

(३) उद्योगहरूलाई केही थप संरक्षण दिने ।

(४) उच्च वर्गलाई मात्र असर पर्ने गरी आयकर, सम्पत्ति कर र भन्सार महसूलमा वृद्धि गर्ने ।

(५) अम्मल र मादक पदार्थ जस्ता स्वास्थ्यलाई हानिकारक बस्तुहरूबाट केही थप राजस्व उठाउने ।

(६) हाल चन्दा ऐन अन्तर्गत विभिन्न स्थानमा विभिन्न स्रोतहरूबाट रकम उठाउने गरेको प्रक्रियालाई खारेज गरी श्री ५ को सरकारबाट नै यस्तो आवश्यकताको पूर्ति गरिदिने ।

सीमित आय भएका व्यक्तिलाई हालको महंगीको स्थितिमा निकै कठिनाइ परेकोले यस्ता व्यक्तिहरूलाई केही मात्रामा भएपनि रिहायत होस् भन्ने अभिप्रायले प्रत्यक्ष करका सम्बन्धमा निम्न आय भएका वर्गलाई हालको कर लाग्ने सीमाबाट केही छूट दिने व्यवस्था गरेको छु । साबिकमा अविवाहित व्यक्ति, फर्म र दम्पतिलाई ४,५००।– र परिवारलाई रू. ६,०००।– आयसम्ममा कर नलाग्ने गरी आएकोमा आगामी वर्षदेखि अविवाहित व्यक्तिहरूलाई रू ५,५००।–, दम्पतिलाई रू. ६,५००।– र परिवार भएका व्यक्तिलाई रू ७,५००।– सम्मको आयमा छूट दिने व्यवस्था गरेको छु । साथै हालसम्म व्यापारिक फर्मलाई अविवाहित व्यक्ति सरह छूट दिने गरेकोमा आगामी वर्षदेखि व्यापारिक फर्मको मालिकको वैवाहिक स्थितिअनुसार उपर्युक्तबमोजिम छूटको सीमा निर्धारण गर्ने व्यवस्था गरेको छु । तर साझेदारी फर्म, संस्थान

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

र अस्थायी बासिन्दाको हकमा उक्त प्रकारको छूट दिइने छैन । यसरी हालको करदातामध्ये निम्न आय भएका करीब ५,००० व्यक्तिले छूट पाउने भएका छन् यसबाट घट्न जाने राजस्व पूर्ति गर्नुको साथै केही थप राजस्व उपल्लो आय भएका समूहबाट उठाउन सक्ने गरी साबिकको आयकरको तालिकाको बदला स्थायी बासिन्दाको हकमा निम्नाङ्कित "क" बमोजिम र अस्थायी बासिन्दाको हकमा निम्नाङ्कित "ख" बमोजिमको तालिका प्रस्तावित गरेको छ ।

(क)

| | |
|---|---|
| छूटपछिको पहिलो | रू. ५,०००।– मा ७ प्रतिशत |
| त्यसपछिको | रू. ५,०००।– मा १० प्रतिशत |
| त्यसपछिको | रू. १०,०००।– मा २० प्रतिशत |
| त्यसपछिको | रू. १०,०००।– मा ३० प्रतिशत |
| त्यसपछिको | रू. १०,०००।– मा ४० प्रतिशत |
| त्यसपछिको | रू.५,००,०००।–मा ५५ प्रतिशत |
| त्यसपछि माथि जतिसुकै भएपनि | ६० प्रतिशत |

(ख)

| | |
|---|---|
| पहिलो | रू. १०,०००।– मा १५ प्रतिशत |
| त्यसपछिको | रू. १०,०००।– मा २५ प्रतिशत |
| त्यसपछिको | रू. १०,०००।– मा ४० प्रतिशत |
| त्यसपछिको | रू.५,००,०००।– मा५५ प्रतिशत |
| त्यसपछि माथि जतिसुकै भएपनि | ६० प्रतिशत |

यस व्यवस्थाबाट आगामी सालमा करीब ६२ लाख आय थप हुने अनुमान लगाएको छ।

आगामी वर्षदेखि शहर क्षेत्रको घरजग्गा करमा निम्नबमोजिमको हेरफेर गरिएको छ।

| | | |
|---|---|---|
| पहिलो | रू. ५०,०००।– | केही नलाग्ने |
| त्यसपछिको | रू. ५०,०००।– | रू. ५।– प्रति हजार |
| त्यसपछिको | रू. २,००,०००।– | रू. १०।– प्रति हजार |
| त्यसपछिको | रू. ५,००,०००।– | रू. २५।– प्रति हजार |
| त्यपछिको | रू. ५,००,०००।– | रू. ३०।– प्रति हजार |
| त्यसपछिको जतिसुकैमा | | रू. ३५।– प्रति हजार |

आगामी वर्षमा यसबाट रू. १० लाख थप राजस्व आउने अनुमान छ । हालसम्म क्यासिनोले प्राप्त गरेको रकमको २५ प्रतिशतका दरले रोयल्टी तिरी आएकोबाट करीब रू. ६ लाख जति प्राप्त हुने गरेकोमा आगामी वर्षदेखि ४० प्रतिशतका दरले वा वार्षिक रू. १० लाख जुन बढी आयकर हुन्छ त्यति रोयल्टी तिर्नु पर्ने गरी तोकिदिएको छु । साथै साबिक-बमोजिम क्यासिनोले तिर्नु पर्ने लगायत अरू करहरू प्रचलित ऐन नियमबमोजिम नै तिर्नु पर्नेछ। यसबाट रू. ४ लाख थप आय हुनेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

आइन्दा तयार भएको राजमार्गहरूको खण्ड खण्डमा राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएको मितिदेखि सवारी कर लगाउन सकिने व्यवस्था गरिएको छ। यसै सन्दर्भमा आगामी वर्षमा महेन्द्र राजमार्गको नारायणघाट बुटवल खण्डमा सवारी कर लगाइनेछ। सवारी करको दर साबिकबमोजिम कायम गरिएको छ। यसबाट रू. २ लाख थप राजस्व वृद्धि हुने अनुमान छ। अरू करको दर साविकबमोजिम कायम गरेको छु।

अन्त:शुल्कका सम्बन्धमा श्री ५ को सरकारले आवश्यक सहुलियत दिई राम्ररी सञ्चालन भइसकेका केही उद्योगबाट केही लाभको अंश प्राप्त गर्ने उद्देश्यले त्यस्ता उद्योगबाट समयानुकूल केही उत्पादन शुल्क उठाउन आवश्यक देखिएकोले अब उप्रान्त निम्न उद्योगबाट उत्पादित वस्तुहरूको आधारमा निम्न दरले अन्त:शुल्क उठाउन लागेको छु।

| | | |
|---|---|---|
| (क) | स्टेनलेस स्टील भाँडा प्रति के. जी. रू. ६।– | |
| (ख) | (१) टिन कन्टेनर (१५ लिटर र सोभन्दा बढी अटाउने) प्रति गोटा | रू. १।५० |
| | (२) टिन कन्टेनर (१५ लिटरभन्दा घटी ५ लिटरसम्म) | " ।७५ |
| | (३) टिन कन्टेनर (५ लिटर भन्दा घटी) | " ।२५ |
| (ग) | रेक्टीफाइड स्प्रिट प्रति लिटर | रू. ५।– |
| (घ) | बिजुली चीम प्रति गोटा १ के | रू. ।५० |
| (ङ) | सिमेण्ट प्रति क्वीन्टल | रू.१०।– |

माथिको व्यवस्थाबाट करीब रू. २० लाख थप राजस्व उठाउने अनुमान छ।

डिष्टिलरीबाट उत्पादित उच्च खालको रक्सी प्रति एल. पी. लिटरमा रू. २०।– लगाई असूल उपर गरिआएकोमा अब उप्रान्त प्रति एल. पी. लिटरमा रू. २५।– लगाई असूल उपर गरिनेछ।

बियर प्रति लिटर रू. ४।५० लगाई असूल उपर गरिआएकोमा अब उप्रान्त प्रति लिटर रू. ५।५० लगाई असूल उपर गरिनेछ।

डिष्टिलरीबाट उत्पादित बन्दी बोतल, रक्सी बेच्ने वा खोली बेच्ने, विदेशी बन्दी बोतल रक्सी बेच्ने वा खोली बेच्ने सबै पसल बार र होटेलहरूलाई साबिकको इजाजत दस्तूरमा शतप्रतिशत वृद्धि गरिएको छ। यसको अतिरिक्त विदेशी रक्सी पैठारी गर्न इजाजत लिनेहरूलाई इजाजत दस्तूरमा पनि शतप्रतिशत बढाएको छु तर निम्न स्तरको रक्सी बेच्ने भट्टी पसलेलाई भने लाग्ने इजाजत दस्तूर भने साबिकबमोजिम नै कायम गरेको छु। डिष्टिलरी बियर र उपर्युक्त दस्तूरबाट रू. १८ लाख ५७ हजार आय बढ्ने अनुमान छ।

चुरोटको अन्त:शुल्क दरमा निम्नबमोजिमको हेरफेर गर्ने प्रस्ताव गरेको छु।

| | | |
|---|---|---|
| प्रति हजार खिल्ली रू. २०।– सम्म पर्ने चुरोटमा | | रू. २०।– |
| प्रति हजार खिल्ली रू. ५०।– | " | रू. ३५।– |
| प्रति हजार खिल्ली रू १००।– | " | रू. ४०।– |
| प्रति हजार खिल्ली रू. २००।– | " | रू. ५०।– |
| प्रति हजार खिल्ली रू. २००।– भन्दा बढी पर्नेमा | | रू. ६०।– |

यसबाट करीब रू. २ करोड १० लाख बढी राजस्व आउने अनुमान छ।

अरू अन्त:शुल्कका दर सबै यथावत् नै कायम गरेको छु। यो परिवर्तनबाट जम्मा अन्त:शुल्कबाट रू. २ करोड ४८ लाख ५७ हजार बढ्ने भएको छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

भन्सारतर्फ नेपाल अधिराज्यमा पैठारी हुने मालवस्तुहरूको भन्सार महसूल दरबन्दीमा समाजका सम्पन्न वर्गले उपभोग गर्ने वस्तुहरू, अम्मलका वस्तुहरू र उद्योगको संरक्षणार्थ केही आयात हुने मालहरूमा भन्सार दर बृद्धि गर्ने प्रस्ताव गरेको छु। सर्वसाधारण जनताले उपभोग गर्ने केही वस्तुमा महसूल घटाउन लागेको छु। नेपालमा स्थापना भएको हौजियरी उद्योगले बढी संरक्षण पाओस् भन्ने हेतुले आयात हुने गञ्जी, मोजा, स्वेटर, गलेबन्दी इत्यादिमा ६ देखि १५ प्रतिशतसम्म महसूल बढाएको छु। तयारी लुगाको भन्सार दरबन्दीमा पनि १५ प्रतिशत बृद्धि गरेको छु। आम जनतालाई कुनै किसिमको असर नपर्ने नाइलन, टेरेलिन, डेक्रोन, पोलिष्टर, रेशमी कपडा, सन लिनेन र ऊनी कपडाहरूमा १५ देखि २० प्रतिशतसम्म भन्सार दर बृद्धि गरेको छु। हेयर स्प्रे, स्याम्पू, अत्तरजस्ता श्रृङ्गारका वस्तुहरूमा पैठारी महसूलमा ६ देखि २५ प्रतिशतसम्म बृद्धि गरेको छु। समाजका माथिल्ला तहका व्यक्तिहरूले मात्र प्रयोग गर्न सक्ने एयरकुलर, रेफ्रिजेरेटर, मोटर साइकल, मोटर इत्यादिमा १५ देखि ५० प्रतिशतसम्म भन्सार दर बृद्धि गरेको छु। बियर, ब्राण्डी, ह्विस्की, रम, जीन, भोडका वाइन आदि मादक पदार्थमा ३० देखि ५० प्रतिशत महसूल बढाइदिएको छु। सिगार चुरोट र प्रसोधित सूर्तीका मालहरूमा २२ देखि ५० प्रतिशत भन्सार बृद्धि गरिएको छ।

सर्वसाधारण जनताले प्रयोग गर्ने नूनको आयात भन्सार नलाग्ने गरेको छु। यस्तै पत्थर कोइला, कोकमा पनि भन्सार छूट गरिदिएको छु। चिनीको आयातमा पनि भन्सार महसूल घटाइदिएको छु, जसबाट चिनीको भाउ केही घटाउने गुञ्जायस रहन्छ।

उपर्युक्तबमोजिमको हेरफेर आयात निर्यातमा भन्सारको दरबन्दी अनुसूचीमा देखाएको छु। यस हेरफेरबाट रू. १ करोड २५ लाख थप राजस्व प्राप्त हुने अनुमान छ। अरू बाँकी भन्सार महसूल दरबन्दी यथावत नै कायम गरेको छु।

मालपोतको दर साबिकबमोजिम नै कायम गरेको छु। तर दर्ता नगरी त्यसै रहेको जग्गाबाट आउनु पर्ने राजस्व नआएकोले विशेष व्यवस्था गरी केही थप रकम उठाउन लागेको छु। भित्री मदेश तथा तराईतिर अव्यवस्थित किसिमले नयाँ बसोबास गरिबसेका र पहाडतिर नयाँ आबादी गरी कमोद गरी खाएका तर दर्ता हुन नसकेका जग्गाहरू प्रशस्त देखिन आएको छ। यसरी पोत नतिरी जग्गा कमाई उपभोग गराई राख्न उचित नभएकोले आगामी वर्षमा यस्तो जग्गामा श्री ५ को सरकारको पुनर्वास र वन नीतिसंग समन्वय गरी तदारूकताकासाथ दर्ता गरी मालपोत उठाउने व्यवस्था गरिनेछ। यसबाट सालबसाली भू–राजस्व बृद्धि हुने र दर्ता गर्दा एक मुष्ट रकम आम्दानी पनि हुनेछ।

नयां शिक्षा योजनालाई चालु गर्न चन्दा ऐन अन्तर्गत विभिन्न स्थानमा विभिन्न रकमहरू उठाइएको छ। त्यसरी उठाउँदा देशको साधन परिचालन गर्ने नीतिमा एकरूपता आएन, साथै श्री ५ को सरकारको नीतिसंग पनि समानता हुन आएन। तसर्थ अब उप्रान्त सो चन्दा ऐन अन्तर्गत नयाँ शिक्षा योजनालाई रकम उठाइने व्यवस्थालाई खारेज गरी आगामी वर्ष उठाइने थप कर–मध्ये बाट रकम पुऱ्याईदिने व्यवस्था गरेको छु।

बाँकी अरू सबै करमा दरहरू यथावत् कायम गरेको छु। माथिको प्रस्तावित कर परिवर्तनबाट जम्मा रू. ४ करोड ५१ लाख ५७ हजार उठाउने अनुमान गरेको छु। आगामी वर्षको लागि रू. २० करोडको आन्तरिक ऋण उठाइने प्रस्ताव गरेको छु। अगाडि खर्च गर्दा नपुग हुन आउने भनी देखाएको रू. २४ करोड ५१ लाख ५७ हजार उपर्युक्त किसिमबाट उठाई आम्दानी खर्चमा सन्तुलन कायम गर्ने व्यवस्था गरेको छु।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## ५

अब म परिवर्त्य विदेशी मुद्राको आय व्ययको विवरण पेश गर्दछु।

चालू वर्ष परिवर्त्य विदेशी मुद्रातर्फ रू. ४९ करोड आय र रू. ५८ करोड ७३ लाख व्यय भई रू. ९ करोड ७३ लाख न्यून हुने अनुमान गरिएकोमा संशोधित अनुमान अनुसार परिवर्त्य विदेशी मुद्राको आय रू. ५३ करोड ५२ लाख र व्यय रू. ८३ करोड ३४ लाख हुने देखिन्छ। यसबाट हुने न्यून रू. २९ करोड ८२ लाख विदेशी मुद्राको सञ्चित कोषबाट व्यहोर्नु पर्ने देखिएको छ।

गत वर्ष यससम्बन्धी विवरण पेश गर्दा विदेशी मुद्राको सञ्चयबाट मुद्रा प्रदायलाई बढ्न नदिई यसको सदुपयोगद्वारा आवश्यक उपभोग्य एवं विकास सामग्रीहरूको आपूर्तिको व्यवस्था गर्ने कुरा उल्लेख गरेको थिएँ। यस उद्देश्य अनुरूप विदेशी मुद्राको उपयोगबाट आपूर्तिको समस्या सुध्रेको तथ्य त मैले पहिले पनि उल्लेख गरिसकें। यस स्थितिमा अब निक्कै सुधार भएकोले आगामी वर्ष विदेशी मुद्रातर्फ न्यून सकभर कम गरेको छु।

आगामी वर्ष परिवर्त्य विदेशी मुद्राको आय रू. ६३ करोड ५० लाख हुने अनुमान छ। खर्चतर्फ अर्को वर्ष पनि विकास सामग्री र केही उपभोग्य वस्तुहरूको आयातको लागि आवश्यक व्यवस्था गरी रू. ७२ करोड १० लाख व्यय हुने अनुमान गरिएको छ। यस प्रकार आगामी वर्ष परिवर्त्य विदेशी मुद्रातर्फ रू. ८ करोड ६० लाख न्यून हुने अनुमान छ।

## ६

वर्तमान आर्थिक स्थिति तथा देशको राजनैतिक र सामाजिक अवस्थाको सन्दर्भमा देश विकासको क्रमलाई आगामी योजनाको लक्ष्य प्राप्ति गर्ने माध्यमको रूपमा मैले यो बजेट प्रस्तुत गरेको छु। आज हामी जुन दिशातर्फ लम्कँदैछौं त्यसबाट हामी पछि हट्न नसक्ने मात्र होइन एकै ठाउँमा उभिरहन पनि सक्दैनौं। विश्व आज जुन वेगले अघि बढ्दैछ त्यसको सन्दर्भमा एकै ठाउँमा बस्नु पनि झन झन पछाडि पर्दै जानु हुन्छ। तर हाम्रो लक्ष्यीत मार्गमा आजको परिस्थिति एक तगारोको रूपमा छ। हामी पछाडि हेर्दा देख्दछौं कि शुरुको अवस्थाबाट निक्कै अगाडि बढिसकेका छौं। तर बढ्दो विकासले केही सीमित क्षेत्रमा प्रगति ल्याएको छ भने विकासको प्रवाहले छुन नसकेको ठूलो जनसंख्या अझै पिछडिएको छ। भएको साधन सबै बहुसंख्यक जनताको आवश्यकता परिपूर्ति गर्नेतर्फ लगाएमा न्यायपूर्ण वितरण व्यवस्था त हुन जान्छ तर दीर्घकालीन विकासको आवश्यकतालाई पनि हामीले बिर्सन सक्दैनौं। यी दुबै पक्षलाई लेखा-जोखा गरेर न्याय र विकास दुबैलाई मध्यनजर राखेर बजेटमा सन्तुलन ल्याउने प्रयास गरी त्यसैबमोजिम साधन जुटाउने र खर्च छुट्याउने नीतिहरू अपनाएको छु।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सरकारी स्तरबाट हुने कारवाही राष्ट्रिय विकासको एक पक्ष मात्र हो र धेरै हदसम्म यो राष्ट्रिय अर्थ व्यवस्थाको एक पूरकको रूपमा लिन सकिन्छ। हाम्रो देशमा प्रायः सबै उत्पादक क्षेत्रहरूको उपलब्धी कृषक, उद्योगी र श्रमिक वर्गहरूमा निहित रहेको छ। यस दृष्टिकोणबाट हेर्दा कृषकलाई बढी सहूलियत पुऱ्याउनु र औद्योगिक विकासको लागि टेवा दिनुनै बजेटको मूलभूत लक्ष्य हुन गएको छ। यसको साथै मूल्य वृद्धिबाट असर परेका उपभोक्ता खासगरेर तल्लो आय भएका वर्गहरूलाई यथाशक्य सहूलियत पुऱ्याउन प्रयास गरिएको छ।

जुनसुकै बजेटको पनि सबल कार्यान्वियन यसलाई कार्यान्वियन गर्ने यन्त्रमा भर पर्दछ। यस दृष्टिकोणबाट हेर्दा हाम्रो प्रशासकीय यन्त्रको योगदान महत्वपूर्ण छ। वास्तवमा प्रशासन भन्नु यसमा बस्ने विभिन्न तहका व्यक्तिहरू हुन् र तिनको प्रवृत्ति, जाँगर र नैतिकतामा नै प्रशासकीय क्षमता निर्भर गर्दछ। यस उद्देश्यले यस आर्थिक वर्षमा साधनले भ्याएसम्म न्यूनतम आय भएका कर्मचारीहरूलाई थोरै मात्रामा भएपनि सहूलियत पुऱ्याउने प्रयास गरिएको छ। हालै गठन भएको प्रशासन सुधार आयोगले विकासको सन्दर्भमा प्रशासकीय यन्त्रमाथि आइपरेका जिम्मेवारी र आवश्यकता दुबैतर्फ दृष्टि दिनेछ। हाम्रो प्रशासकीय यन्त्र पनि समयको चुनौतिलाई सकारेर हाम्रो लक्ष्यहरू पूर्ति गर्न सहायक हुनेछ भन्ने कुरामा म विश्वस्त छु।

हाम्रा समस्याहरू आवश्यकताको सन्दर्भमा उद्योगपति एवं व्यापारी वर्गको ठूलो भूमिका रहन्छ। उत्पादन वृद्धिदेखि लिएर वितरण व्यवस्थासम्म सबै प्रकारका लक्ष्यहरू प्राप्तिको लागि सरकारी क्षेत्रबाट उठाइने कदमहरूको प्रभावकारीतामा पनि यही वर्गले राष्ट्रिय हितबाट उत्प्रेरित भई गर्ने योगदानमा भर पर्दछ। तसर्थ देशको हाल सामना गर्नु परेको मूल समस्या नै मूल्य वृद्धि भएकोले मूल्य नियन्त्रण गर्ने कार्यमा सक्रिय सहयोग गर्न म देशका सबै उद्योगपतिहरू तथा व्यापारीहरूलाई आह्वान गर्दछु।

"विकासको लागि राजनीति" भन्ने महान् उक्ति श्री ५ महाराजाधिराज सरकारबाट सुत्रपात गरिबक्सेको छ। यसको मूल उद्देश्य आर्थिक समुन्नति गर्न नसकेमा हाम्रा राजनैतिक लक्ष्यहरू केवल नारामा सीमित रहन्छ भन्ने वास्तविकतालाई औंगाल्नु हो। विकासको प्रक्रियामा राजनीतिको ठूलो भूमिका रहन्छ। जबसम्म आम जनता विकास कार्यमा सक्रिय भाग लिई संलग्न हुँदैन तबसम्म वास्तविक रूपले विकास स्वचालित किसिमले अगाडि बढ्न सक्दैन। यस प्रक्रियालाई अगाडि बढाउनमा हामी अझ बढी क्रियाशील हुनु परेको छ। आजको विश्वको परिस्थिति तथा देशको अगाडि देखापरेका समस्याहरूको मुकाबिला गर्न कमजोरी होइन बढ्दो एकता चाहिएको छ। ठूलो समस्या र चुनौती सानो आँट वा फितलो कदमबाट समाधान हुन सक्दैन। यस आवश्यकताको पृष्ठभूमिमा राजनीतिले महत्वपूर्ण योगदान दिन सक्दछ। किनभने यसै माध्यमबाट मात्र आवश्यक र अपेक्षित मात्रामा जन परिचालन सम्भव हुन्छ। यस प्रकार गतिशील पञ्चायत व्यवस्थामा श्री ५ महाराजाधिराज सरकारको नेतृत्व र राष्ट्रिय एकताको आधारमा हामी विकासको एक नयाँ र एक महत्वपूर्ण चरणमा प्रवेश गर्दछौं जसमा हामी सबै पञ्चहरूको परिष्कृत सोचाइ र सक्रिय भूमिका रहने आशा राखेको छु।

धन्यवाद

आधिकारिक मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## खर्च व्यहोर्ने स्रोतहरूको संक्षिप्त विवरण

रू. हजारमा

| २०३०।३१ को यथार्थ | खर्च | २०३१।३२ को संशोधित अनुमान | २०३२।३३ को अनुमान |
|---|---|---|---|
| १,२२,६३,०५ | कुल खर्च | १,५०,२२,५९ | २,१४,६९,३३ |
| ४७,४८,२६ | साधारणतर्फ | ५७,६३,४९ | ६९,१०,८६ |
| ७५,१४,७९ | विकासतर्फ | ९२,५९,१० | १,४५,५८,४७ |
| | **खर्च व्यहोरिने स्रोतहरू** | | |
| ७६,६४,३५ | राजस्वबाट | १,००,८५,०० | १,२४,२१,५७ |
| | आयको वर्तमान स्रोतबाट | | १,१९,७०,०० |
| | सामान्य वृद्धिबाट | | (१,१५,९७,००) |
| | राजस्व प्रशासन सुधारबाट | | (३,७३,००) |
| | कर प्रस्तावबाट | | ४,५१,५७ |
| २२,२६,२२ | विदेशी सहायता | २७,०२,२५ | ४२,७१,५९ |
| २१,४०,०५ | द्वि पक्षीय | २३,३७,५७ | ३१,४१,९३ |
| ८६,१७ | बहु पक्षीय | ३,६४,६८ | ११,२९,६६ |
| −२३,७२,४८ | बचत (+) वा न्यून (−) | −२२,३५,३४ | −४७,७६,१७ |
| | **न्यून पूर्ति गर्ने स्रोतहरू** | | |
| ८,७८,७२ | विदेशी ऋण | १०,४७,८५ | २७,७६,१७ |
| ३,३५,१९ | द्वि पक्षीय | ३,२९,१३ | ६,३६,७९ |
| ५,४३,५३ | बहु पक्षीय | ७,१८,७२ | २१,३९,३८ |
| १०,००,०० | आन्तरिक ऋण | १०,००,०० | २०,००,०० |
| ४,९३,७६ | नगद मौज्दात ( बचत− ) | १,८७,४९ | × |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## राजस्व अनुमान

## २०३२।३३

रू. हजारमा

| क्रम संख्या | शीर्षक | उप-शीर्षक | सामान्य वृद्धिबाट | राजस्व प्रशासन सुधारबाट | कर परि–वर्तनबाट | जम्मा |
|---|---|---|---|---|---|---|
| | | कुल जम्मा | १,१५,६७,०० | ३,७३,०० | ४,५१,५७ | १,२४,२१,५७ |
| १ | भन्सार | | ३६,२७,०० | १,६३,०० | १,२५,०० | ३६,१५,०० |
| | | (क) निकासीबाट | ३,६०,०० | ६५,०० | × | ४,२५,०० |
| | | (ख) पैठारीबाट | २०,३२,०० | ६८,०० | १,२५,०० | २२,५५,० |
| | | (ग) भारतबाट अन्त:शुल्क फिर्ता | ११,८०,०० | × | × | ११,८०,०० |
| | | (घ) विविध | ५५,०० | × | × | ५५,०० |
| २ | अन्त:शुल्क | | १३,५०,०० | ७०,०० | २,४८,५७ | १६,६८.५७ |
| | | (क) ठेक्का रकम | ४,००,०० | ५०,०० | × | ४,५०,०० |
| | | (ख) औद्योगिक उत्पादन | ९,३०,०० | २०,०० | २,४८,५७ | ११,९८,५७ |
| | | (घ) विविध | २०,०० | × | × | २०,०० |
| ३ | मालपोत | | ९,५०,०० | ५०,०० | × | १०,००,०० |
| | | (क) रैकर | ९,५०,०० | ५०,०० | × | १०,००,०० |
| ४ | वन | | ५,२५,०० | × | × | ५,२५,०० |
| | | (क) लकडी बिक्री | ५,१०,०० | × | × | ५,१०,०० |
| | | (ख) शिकार तथा रोयल्टी | २० | × | × | २० |
| | | (ग) विविध | १४,८० | × | × | १४,८० |
| ५ | कर | | २९,६७,०० | ९०,०० | ७८,०० | ३१,६५,०० |
| | | (क) आयकर | ५,७५,०० | ७५,०० | ६२,०० | ७,१२,०० |
| | | (ख) मनोरञ्जन कर | ५५,०० | × | ४,०० | ५९,०० |
| | | (ग) शहरी क्षेत्रको घर जग्गा कर | २०,०० | ५०० | १०,०० | ३५,०० |
| | | (घ) सवारी कर | ७६,०० | × | २,०० | ७८,०० |

आधिकारिक मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| क्रम संख्या | शीर्षक | उप–शीर्षक | सामान्य वृद्धिबाट | राजस्व प्रशासन सुधारबाट | कर परिवर्तनबाट | जम्मा |
|---|---|---|---|---|---|---|
| | | (ङ) हवाई उडान कर | २८,०० | × | × | २८,०० |
| | | (च) होटल कर | ३३,०० | × | × | ३३,०० |
| | | (छ) ठेक्का कर | ७०,०० | × | × | ७०,०० |
| | | (ज) बिक्री कर | २१,००,०० | × | × | २१,००,०० |
| | | (झ) मोटर कर | २०,०० | × | × | २०,०० |
| | | (ञ) घरबहाल कर | २०,०० | १०,०० | × | ३०,०० |
| | रजिष्ट्रेशन | | ३,६८,०० | × | × | ३,६८,०० |
| | | (क) घर जग्गा | ३,५०,०० | × | × | ३,५०,०० |
| | | (ख) फाराम रजिष्ट्रेशन | २,७० | × | × | २,७० |
| | | (ग) एजेन्सी रजिष्ट्रेशन | ५ | × | × | ५ |
| | | (घ) बन्दूक पिस्तोल रजिष्ट्रेशन | ३,२५ | × | × | ३,२५ |
| | | (ङ) सवारी लाइसेन्स | १२,०० | × | × | १२,०० |
| ७ | सिंचाइ पानी | | १२,०० | × | × | १२,०० |
| | | (क) पानी पोत | १०,०० | × | × | १०,०० |
| | | (ख) धारा महसूल | २,०० | × | × | २,०० |
| | | | ६५,०० | × | × | ६५,०० |
| ८ | सञ्चार | | | | | |
| | | (क) हुलाक | ६५,०० | × | × | ६५,०० |
| | | | ६०,०० | × | × | ६०,०० |
| ९ | यातायात | | | | | |
| | | (क) हवाई | ५०,०० | × | × | ५०,०० |
| | | (ख) विविध | १०,०० | × | × | १०,०० |
| | | | १,४०,०० | × | × | १,४०,०० |
| १० | विद्युत | (क) रोयल्टी | ८८,०० | × | × | ८८,०० |
| | | (ख) अन्य | ५२,०० | × | × | ५२,०० |
| ११ | सांवा ब्याज तथा लाभांश | | ११,६५,०० | × | × | ११,६५,०० |
| | | (क) कम्पनी कर्पोरेशन लाई दिएको ऋणको ब्याज | ६८,०० | × | × | ६८,०० |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| क्रम संख्या | शीर्षक | उप-शीर्षक | सामान्य वृद्धिबाट | राजस्व प्रशासन सुधारबाट | कर परिवर्तनबाट | जम्मा |
|---|---|---|---|---|---|---|
| | | (ख) सरकारी कर्मचारीलाई दिएको ऋणको ब्याज | २,०० | × | × | २,०० |
| | | (ग) शेयरमा लगानी | ६,७०,०० | × | × | ६,७०,०० |
| | | (घ) कम्पनी कर्पोरेशनलाई दिएको ऋण फिर्ता | १,१६,०० | × | × | १,१६,० |
| | | (ङ) सरकारी कर्मचारीलाई दिएको ऋण फिर्ता | ६,०० | × | × | ६,०० |
| १२ | निजामती प्रशासन | | १,७३,०० | × | × | १,७३,०० |
| | | (क) न्याय | ४०,०० | × | × | ४०,०० |
| | | (ख) शिक्षा | १०,०० | × | × | १०,०० |
| | | (ग) स्वास्थ्य | ७,०० | × | × | ७,०० |
| | | (घ) पशु तथा मत्स्य पालन | १२,०० | × | × | १२,०० |
| | | (ङ) सूचना तथा प्रसार | ४,०० | × | × | ४,०० |
| | | (च) बिबिध | १,००,०० | × | × | १,००,०० |
| १३ | बिबिध | | १,०५,०० | × | × | १,०५,०० |
| | | (क) पासपोर्ट र भिसा | १२,०० | × | × | १२,०० |
| | | (ख) अभियान रोयल्टी | ३,०० | × | × | ३,०० |
| | | (ग) अरू फुटकर | ६०,०० | × | × | ६०,०० |

आधिकारिक मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## आर्थिक वर्ष २०३०।३१ को यथार्थ र २०३१।३२ को संशोधित राजस्व अनुमान

रू. हजारमा

| क्रम संख्या | शीर्षक | उप-शीर्षक | २०३०।३१ को यथार्थ | २०३१।३२ को संशोधित अनुमान |
|---|---|---|---|---|
| | | कुल जम्मा | ७६,६४,३५ | १,००,८५,०० |
| १ | भन्सार | | २८,६२,१२ | ३२,७१,०० |
| | | (क) निकासीबाट | २,१७,०५ | ३,२१,०० |
| | | (ख) पैठारीबाट | १४,३८,१२ | १८,५०,०० |
| | | (ग) भारतबाट अन्तः शुल्क फिर्ता | ११,६४,६५ | १०,५०,०० |
| | | (घ) विविध | ४२,०० | ५०,०० |
| २ | अन्तःशुल्क | | ७,७४,२९ | १२,०९,०० |
| | | (क) ठेक्का रकम | १,९४,३७ | ३,३२,०० |
| | | (ख) औद्योगिक उत्पादन | ५,५६,८१ | ८,५०,०० |
| | | (ग) कृषि उत्पादन | ६,४६ | ५,०० |
| | | (घ) विविध | १६,६५ | २२,०० |
| ३ | मालपोत | | ९,६९,३० | ९,५०,०० |
| | | (क) रैकर | ९,६९,३० | ९,५०,०० |
| ४ | वन | | ४,७४,०४ | ५,००,०० |
| | | (क) लकडी बिक्री | ४,५३,९८ | ४,७५,०० |
| | | (ख) शिकार तथा रोयल्टी | ३० | ४० |
| | | (ग) विविध | १९,७६ | २४,६० |
| ५ | कर | | १५,३०,९९ | २५,४६,०० |
| | | (क) आय कर | ३,२६,४३ | ४,००,०० |
| | | (ख) मनोरञ्जन कर | ४६,८८ | ५५,०० |
| | | (ग) शहरी क्षेत्रको घर जग्गा कर | १२,४४ | १९,०० |
| | | (घ) सवारी कर | ६२,१४ | ६५,०० |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| क्रम संख्या | शीर्षक | उप-शीर्षक | २०३०।३१ को यथार्थ | २०३१।३२ को संशोधित अनुमान |
|---|---|---|---|---|
| | | ( ङ ) हवाई उडान कर | १२,८६ | २१,०० |
| | | ( च ) होटल कर | २१,८० | २६,०० |
| | | ( छ ) ठेक्का कर | ४८,५६ | ६५,०० |
| | | ( ज ) बिक्री कर | ६,८५,४८ | १८,७८,०० |
| | | ( झ ) मोटर कर | ११,४० | १७,०० |
| ६ | रजिष्ट्रेशन | | २,८८,२३ | ३,३१,[illegible] |
| | | ( क ) घर जग्गा | २,७०,११ | ३,१०,०० |
| | | ( ख ) फाराम रजिष्ट्रेशन | ३,०० | ४,०० |
| | | ( ग ) एजेन्सी रजिष्ट्रेशन | ३७ | ५० |
| | | ( घ ) बन्दूक पिस्तोल रजिष्ट्रेशन | ३,३८ | ३,५० |
| | | ( ङ ) सवारी लाइसेन्स | ११,३७ | १३,०० |
| ७ | सिचाइ पानी | | १८,१६ | ५,०० |
| | | ( क ) पानी पोत | ३,४८ | ३,०० |
| | | ( ख ) धारा महसूल | १४,६८ | २,०० |
| ८ | सञ्चार | | ७१,१७ | ८५,०० |
| | | ( क ) हुलाक | ७१,१७ | ८५,०० |
| ९ | यातायात | | ३६,९६ | ४६,०० |
| | | ( क ) हवाई | २४,२० | ३०,०० |
| | | ( ख ) विविध | १२,७६ | १६,०० |
| १० | विद्युत् | | ४०,३३ | ८५,०० |
| | | ( क ) रोयल्टी | १७,७० | ५५,०० |
| | | ( ख ) अन्य | २२,६३ | ३०,०० |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| क्रम संख्या | शीर्षक | उप–शीर्षक | २०३०।३१ को यथार्थ | २०३१।३२ को संशोधित अनुमान |
|---|---|---|---|---|
| ११ | सांवा ब्याज तथा लाभांश | | ३,२२,३५ | ८,२७,०० |
| | | (क) कम्पनी कर्पोरेशनलाई दिएको ऋणको ब्याज | ३६,४५ | ६८,०० |
| | | (ख) सरकारी कर्मचारीलाई दिएको ऋणको ब्याज | २,८६ | २,०० |
| | | (ग) शेयरमा लगानी | २,०६,६३ | ६,२०,०० |
| | | (घ) कम्पनी कर्पोरेशनलाई दिएको ऋण फिर्ता | ५४,५० | ६२,०० |
| | | (ङ) सरकारी कर्मचारीलाई दिएको ऋण फिर्ता | १८,६१ | १५,०० |
| १२ | निजामती प्रशासन | | २,०१,५६ | १,५०,०० |
| | | (क) न्याय | १२,७४ | १५,०० |
| | | (ख) शिक्षा | ६,६८ | ८,०० |
| | | (ग) स्वास्थ्य | ७,५६ | ६,०० |
| | | (घ) पशु तथा मत्स्य पालन | ११,१७ | १५,०० |
| | | (ङ) सूचना तथा प्रसार | ३,१७ | ४,०० |
| | | (च) विविध | १,५६,६१ | ६६,०० |
| १३ | विविध | | ७४,८५ | ८०,०० |
| | | (क) पासपोर्ट र भिसा | २७,२० | ३०,०० |
| | | (ख) अभियान रोयल्टी | २,०० | ४,०० |
| | | (ग) अरू फुटकर | ४५,६५ | ४६,२० |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# व्यय अनुमान
## (साधारण बजेट)

रू. हजारमा

| मुख्य शीर्षक | अनुदान संख्या | शीर्षक | २०३०।३१ को यथार्थ | २०३१।३२ को संशोधित अनुमान | २०३२।३३ को अनुमान |
|---|---|---|---|---|---|
| १ संवैधानिक अङ्गहरू | १–१ | श्री ५ महाराजाधिराज तथा राजपरिवार | ६४,६३ | ७८,१२ | ७८,१२ |
| | १–२ | राजसभा | ३,१० | ३,५३ | ३,[illegible] |
| | १–३ | राष्ट्रिय पञ्चायत | ३४,२२ | ३१,०८ | ३२,[illegible] |
| | १–४ | महालेखा परीक्षकको विभाग | १७,४८ | १९,०० | २३,३२ |
| | १–५ | सर्वोच्च अदालत | ११,९३ | ९,३१ | ९,४५ |
| | १–६ | लोक सेवा आयोग | १७,९३ | २०,५२ | २२,५१ |
| | १–७ | निर्वाचन आयोग | १६,१९ | ९,१४ | २३,६६ |
| २ साधारण प्रशासन | २–१ | मन्त्रिपरिषद् | १७,५२ | २२,८० | २३,६० |
| | २–२ | श्री ५ को सरकारको सचिवालय | १,२१,३६ | १,४५,४० | १,५४,९२ |
| | २–३ | जिल्ला प्रशासन | १,३३,७९ | १,६५,०० | १,६०,६५ |
| | २–४ | प्रहरी | ३,८९,८२ | ५,५३,४० | ६,३१,७७ |
| | २–५ | कारागार | ६२,६२ | ८८,०० | ९५,६२ |
| | २–६ | विविध | ३०,५२ | ७६,०० | ५२,६४ |
| | २–७ | प्रशासन सुधार | १६,०० | ६,०० | ११,०० |
| ३ राजस्व प्रशासन | ३–१ | मालपोत | ७०,३१ | ८५,०० | ९१,६० |
| | ३–२ | भन्सार | ४१,३३ | ५४,८८ | ७७,४४ |
| | ३–३ | अन्तःशुल्क | १९,३० | २८,०० | ३०,६[illegible] |
| | ३–४ | कर | २०,४० | २९,०० | ३२,३५ |
| | ३–५ | राजस्व न्यायाधिकरण | १,३४ | ४,८० | ४,३१ |
| ४ आर्थिक प्रशासन र योजना | ४–१ | योजना | ५,७४ | ७,७० | ७,२२ |
| | ४–२ | तथ्याङ्क | १७,५७ | १४,८० | १५,५० |
| | ४–३ | टकसार | २३,९१ | ३३,८९ | ३५,३३ |
| | ४–४ | महालेखा नियन्त्रकको कार्यालय | १३,०८ | १७,५० | २२,५५ |
| | ४–५ | मेट्रिक नापतौल | ५,५१ | ४,६८ | ६,८१ |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

182

| मुख्य शीर्षक | अनुदान संख्या | शीर्षक | २०३०।३१ को यथार्थ | २०३१।३२ को संशोधित अनुमान | २०३२।३३ को अनुमान |
|---|---|---|---|---|---|
| ५ न्याय प्रशासन | ५–१ | अदालत | ६५,३० | १,०४,३२ | १,१०,६५ |
| | ५–२ | महान्यायाधिवक्ताको कार्यालय | २,८४ | ३,९२ | ३,८६ |
| ६ वैदेशिक सेवा | ६–१ | वैदेशिक सेवा | १,३०,६९ | १,५९,९० | १,७७,०२ |
| | ६–२ | विविध | ३४,३२ | ५१,८७ | ३९,२७ |
| ७ रक्षा | ७–१ | रक्षा | ८,१२,७७ | ९,७२,७६ | १४,५९,७४ |
| ८ सामाजिक सेवाहरू | ८–१ | शिक्षा | ३,७७,८३ | ६,३२,०० | ७,७८,५४ |
| | ८–२ | स्वास्थ्य | २,१९,५१ | ३,००,०० | ३,५२,४४ |
| | ८–३ | पिउने पानी | १६,६३ | १०,६९ | १०,२६ |
| | ८–४ | पञ्चायत | १,२६,९५ | १,८५,०५ | १,७८,५५ |
| | ८–५ | अन्य सामाजिक सेवाहरू | १,१६,६८ | १,६४,०५ | १,४७,७६ |
| ९ आर्थिक सेवाहरू | ९–१ | कृषि | ६१,७७ | १,०७,३१ | ६०,४३ |
| | ९–२ | सिचाइ | १७,४९ | २२,६४ | २८,७८ |
| | ९–३ | भूमिसुधार | ४९,१० | ५९,५८ | १,१४,३१ |
| | ९–४ | नापी | १५,५४ | २०,२४ | २१,४८ |
| | ९–५ | वन | ३३,१७ | ५५,७० | ६१,५९ |
| | ९–६ | उद्योग तथा खानी | १५,२७ | १९,०२ | २२,५९ |
| | ९–७ | सञ्चार | १,१६,६२ | २,०५,६७ | २,३५,७३ |
| | ९–८ | यातायात | १,६२,१३ | २,१८,५६ | २,३२,६९ |
| | ९–९ | विद्युत् | ४३,२२ | ५०,९३ | ५४,४६ |
| | ९–१० | अन्य आर्थिक सेवाहरू | ६,९५ | ८,४० | १०,८७ |
| १० ऋण तथा लगानी | १०–१ | ऋण तथा लगानी | ९५,८० | १६,८० | ४०,५० |
| ११ सांवा र ब्याज भुक्तानी | ११–१ | सांवा भुक्तानी | १,८६,७२ | १,५०,३८ | १,५३,१५ |
| | ११–२ | ब्याज भुक्तानी | २,२६,२६ | ३,४१,०० | ५,५५,६७ |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| मुख्य शीर्षक | अनुदान संख्या | शीर्षक | २०३०।३१ को यथार्थ | २०३१।३२ को संशोधित अनुमान | २०३२।३३ को अनुमान |
|---|---|---|---|---|---|
| १२ विविध | १२–१ | विशिष्ट व्यक्ति तथा प्रतिनिधिमण्डलको भ्रमण खर्च | ३३,५२ | ४०,०० | ४०,०० |
| | १२–२ | निवृत्तभरण, भत्ता तथा उपदान | ७९,७६ | ९०,५० | १,२७,१० |
| | १२–३ | अतिथि सत्कार | ३,४० | ४,०० | ४,०० |
| | १२–४ | आकस्मिक सहायता चन्दा र पुरस्कार | ९९ | १,०० | १,०० |
| | १२–५ | मुआब्जा | ३,२५ | ७,२७ | ८,०० |
| | १२–६ | अन्य | ९८,४६ | १,०१,९४ | १,३२,२५ |
| | १२–७ | भैपरि आउने | ४,१९,४२ | १,५०,४४ | १,००,०० |
| | | | ४७,४८,२६ | ५७,६३,४९ | ६९,१०,८६ |

## व्यय अनुमान
## (विकास बजेट)

रु. हजारमा

| मुख्य शीर्षक | अनुदान संख्या | शीर्षक | २०३०।३१ को यथार्थ | २०३१।३२ को संशोधित अनुमान | २०३२।३३ को अनुमान |
|---|---|---|---|---|---|
| २ ारण प्रशासन | २-७ | प्रशासन सुधार | १३,१२ | ४,०० | ७,४६ |
| ४ आर्थिक प्रशासन र योजना | ४-१ | योजना | ४०,३४ | ३२,९५ | १५,०० |
| | ४-२ | तथ्याङ्क | ११,५८ | १२,२७ | ३९,९८ |
| ८ सामाजिक सेवाहरू | ८-१ | शिक्षा | ७,५३,२८ | ८,६२,०० | १६,५९,७८ |
| | ८-२ | स्वास्थ्य | ३,६४,०१ | ५,३९,८३ | ८,५५,१० |
| | ८-३ | पिउने पानी | ९९,३७ | २,२३,०० | ६,०१,८५ |
| | ८-४ | पञ्चायत | १,५९,८५ | २,८०,६६ | २,६३,९६ |
| | ८-५ | अन्य सामाजिक सेवाहरू | ९२,५५ | २,४४,०० | १,९६,१८ |
| आर्थिक सेवाहरू | ९-१ | कृषि | ८,५९,९३ | ९,१०,८४ | २४,४४,९२ |
| | ९-२ | सिचाइ | ७,८३,९३ | ६,९७,०० | १३,६४,०३ |
| | ९-३ | भूमिसुधार | ३१,६४ | ९७,४६ | १,१७,२४ |
| | ९-४ | नापी | ८९,७१ | १,२०,०० | १,४४,०५ |
| | ९-५ | वन | १,६४,०४ | २,२८,०४ | ४,६२,८० |
| | ९-६ | उद्योग तथा खानी | ७,३३,२१ | ८,४०,३० | १२,०७,३२ |
| | ९-७ | सञ्चार | १,५३,१५ | १,१५,०० | १,३७,८१ |
| | | (क) हुलाक | (११,१५) | (२३,००) | (१४,४१) |
| | | (ख) दूर सञ्चार | (१,४२;००) | (९२,००) | १,२३,४०) |

| मुख्य शीर्षक | अनुदान संख्या | शीर्षक | २०३०।३१ को यथार्थ | २०३१।३२ को संशोधित अनुमान | २०३२।३३ को अनुमान |
|---|---|---|---|---|---|
| | ९–८ | यातायात | २६,१६,९२ | ३२,८०,४० | ३८,७९,६३ |
| | | (क) सडकहरू | (१९,९२,२३) | (२६,०१,९७) | (३१,०१,३३) |
| | | (ख) पूलहरू | (२,०२,५४) | (२,१४,१२) | (३,८१,५९) |
| | | (ग) हवाई | (४,२२,१५) | (४,६४,३१) | (३,९६,७१) |
| | ९–९ | विद्युत् | ३,६३,२२ | ३,९८,५७ | ८,६८,८९ |
| | ९–१० | अन्य आर्थिक सेवाहरू | ५७,७३ | २,०२,२८ | १,९२,४७ |
| १२ विविध | १२–६ | अन्य | २२,४१ | १,१०,०० | ४०,०० |
| | १२–७ | भैपरि आउने | १,०४,८० | ६०,०० | ६०,०० |
| | | | ७५,१४,७९ | ९२,५९,१० | १,४५,५८,४७ |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१४६

## परिवर्त्य विदेशी विनिमयको आय–व्यय विवरण

रु. हजारमा

| क्रम संख्या | शीर्षक | २०३०।३१को यथार्थ | २०३१।३२ को संशोधित अनुमान | २०३२।३३ को अनुमान |
|---|---|---|---|---|
| | आय | ४७,८२,६० | ५३,५२,०० | ६३,५०,०० |
| १ | अदृश्य निर्यात | २४,१६,७९ | ३०,५०,०० | ३१,००,०० |
| | (क) निवृत्तभरण र तलब | (५,५६,५२) | (१०,००,००) | (१०,००,००) |
| | (ख) लगानीको ब्याज | (८,७९,८३) | (८,००,००) | (७,००,००) |
| | (ग) पर्यटक | (९,७७,४४) | (१२,५०,००) | (१४,००,००) |
| २ | दृश्य निर्यात | १३,१५,७१ | १२,००,०० | २०,००,०० |
| ३ | कूटनैतिक नियोगहरु | २,५९,४५ | २,७२,०० | ३,००,०० |
| ४ | विदेशी सहायता (अनुदान तथा ऋण) | ४,४३,९३ | २,५०,०० | ४,५०,०० |
| ५ | विविध | ३,४६,७२ | ५,८०,०० | ५,००,०० |
| | व्यय | २९,३५,८० | ८३,३४,०० | ७२,१०,०० |
| १ | अदृश्य आयात | ६,९१,०७ | ५,६०,०० | ७,००,०० |
| २ | दृश्य आयात | १७,८७,७९ | ७०,५४,०० | ५७,३०,०० |
| | (क) विकास सामग्री | (८,४२,९१) | (४२,९४,००) | (३२,३०,००) |
| | (ख) उपभोग्य वस्तु | (९,४४,८८) | (२७,६०,००) | (२५,००,००) |
| ३ | विदेशस्थित कूटनैतिक नियोगहरु | १,४२,७७ | १,७०,०० | १,८०,०० |
| ४ | ऋण मोचन कोष | ४५,९१ | १,५०,०० | ३,००,०० |
| ५ | विविध | २,६८,२६ | ४,००,०० | ३,००,०० |
| | बचत (+) घाटा (–) | १८,४६,८० | –२९,८२,०० | –८,६०,०० |

आज्ञाले–
भरतबहादुर प्रधान
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।